# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक २९६ मंगलबार, ८ पुस २०८२ | SOURYA NATIONAL DAILY | Tuesday, 23 December 2025 पृष्ठ : ८+२ मूल्य रू. १०



लिएको ११ लाख ऋण तिर्नु नपर्ने लोभमा २ दिनमै २ जनाको हत्या, चप्पलले खुल्यो रहस्य




पृष्ठ २

विस्थापित परिवारका पीडा : ३ वर्षदेखि जंगलको छेउमा त्रिपालमुनि बास



पृष्ठ ३

५ महिनामा १ खर्ब १४ अर्ब थपियो सार्वजनिक ऋण




पृष्ठ ७

अवामी लिगबिनाको चुनाव 'राज्याभिषेक' मात्र : शेख हसिना

पृष्ठ ९


■ प्रधानमन्त्रीले गरिन् सर्वपक्षीय छलफल

# सरकार चुनावप्रति प्रतिबद्ध, दलहरूको दोहोरो चरित्रले थपिँदै संशय

■ प्रधानमन्त्रीसँग 'वान् टू वान्' छलफल चाहन्छन् ओली-देउवा

■ चुनावप्रति सरकार गम्भीर नभएको एमालेको आरोप

■ मिलेर अघि बढे समयमै निर्वाचन हुन्छ : प्रधानमन्त्री कार्की

■ कृष्ण उप्रेती

काठमाडौँ । २१ फागुनको निर्वाचनप्रति सुरुदेखि नै असन्तुष्टि जनाउँदै आएको नेकपा एमालेले अहिले नेपाली कांग्रेसको पनि बलियो समर्थन पाएको छ । विशेष गरी यी २ दल निर्वाचनभन्दा पनि प्रतिनिधिसभा पुनर्स्थापनामा बढी केन्द्रित देखिन्छन् । तर, निर्वाचनमा सहभागी हुने विषयलाई पनि प्रक्रियागत रूपमा अघि बढाइरहेका छन् । प्रतिनिधिसभा पुनर्स्थापना हुनेमा बढी विश्वस्त र २१ फागुनको निर्वाचनमा बढी सशंकित रहेका उनीहरू जसरी पनि सत्तारोहणको तयारीमा जुटेका छन् ।

तर, निर्वाचनको म्यान्डेट पाएको सुशीला कार्की नेतृत्वको सरकार जसरी पनि निर्वाचन गराउने अडान र प्रतिबद्धताका साथ जुटेको छ । यही सन्दर्भमा प्रधानमन्त्री कार्कीले सोमबार राजनीतिक दल, जेनजी प्रतिनिधि, नागरिक समाज, सुरक्षा निकाय तथा निर्वाचन आयोगको संयुक्त छलफल राखेकी थिइन् । सबै पक्षलाई निर्वाचनको माहोलमा ढाल्न प्रधानमन्त्री कार्कीको यो अर्को प्रयास थियो । यसअघि पनि उनले पटक-पटक औपचारिक र अनौपचारिक रूपमा दर्जनभन्दा बढी छलफल गरिसकेकी छिन् । सोमबारको छलफल पनि पहिलेको भन्दा फरक देखिएन । जेनजी प्रतिनिधिले आफ्ना माग राख्न नछाड्ने, कांग्रेस-एमाले आशंका र असन्तुष्टि व्यक्त गर्ने र अन्य दलले निर्वाचनलाई नै केन्द्रमा राख्दा निर्वाचन आयोग र गृह मन्त्रालय आफ्नो तयारीको ब्रिफिङ दिनेबाहेक फरक केही देखिएन ।



## कसले के भने ?

### ■ राजामै अड्कियो राप्रपा

प्रतिनिधिसभाको बैठकमा पटक-पटक 'राजासहितको गणतन्त्र' भन्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी जेनजी आन्दोलनपछि भने राजाको विषयलाई जोडतोडका साथ उठाउँदै आएको छ । विशेष गरी जेनजी आन्दोलनपछिको अस्थिर राजनीतिक परिवेशमा राप्रपालाई उठान गर्न सहज भएकाले पनि राजाको मुद्दा उठाइरहेको छ । प्रधानन्त्रीसँग पटक-पटकको छलफलमा राप्रपाले 'सर्वपक्षीय छलफल' र 'नवीन सहमति' भन्दै आफ्नो माग प्रस्तुत गरिरहेको छ । राप्रपाको त्यो 'सर्वपक्षीय छलफल' र 'नवीन सहमति'मा राजासहित भन्ने अडान छ । सोमबारको छलफलमा पनि राप्रपाले यो माग उठान गर्‍यो । राप्रपा नेता राजेन्द्र गुरुङले राजा, राजनीतिक दल र जनेजीबीच नवीन सहमति गरेर अघि बढ्नुपर्ने बताए । 'राप्रपाले पेस गरेको नवीन समझदारीको प्रस्ताव राजा, राजनीतिक दल र सरकारबीचमा सहमति गरौँ र अघि बढौँ, निषेधको राजनीति त्यागौँ,' गुरुङले भने ।

### ■ चुनाव नभए संसद् पुनर्स्थापना : नेकपा

नेकपाका नेता वर्षमान पुनले तोकिएकै मितिमा निर्वाचन गराउन सरकारले गरेको प्रयासको प्रशंसा गर्दै निर्वाचन धकेल्ने प्रयास भए आफूहरूलाई स्वीकार्य नहुने र घोषित मितिमै निर्वाचन हुन नसके संसद् पुनर्स्थापना हुनेप्रति सरकारलाई सचेत गराए । 'हामी निर्वाचनका लागि सरकारलाई सहयोग गर्न तयार छौँ,' पुनले भने, 'सरकार संविधानविपरीत जान खोज्यो भने हाम्रो समर्थन हुँदैन । यदि ६ महिनाभित्र चुनाव भएन भने कि सडकले निर्णय गर्छ कि पुरानै संसद् पुनर्स्थापना हुन्छ ।' राष्ट्रिय जनमोर्चा पनि नेकपाकै लाइनमा देखियो । जनमोर्चाका नेता मनोज भट्टले पनि ट्र्याकबाहिर गएको अवस्थालाई ट्र्याकमा ल्याउन तोकिएकै मितिमा निर्वाचन गर्नुपर्ने अन्यथा प्रतिनिधिसभा पुनर्स्थापना हुने बताए ।

### ■ जेनजीको आशंका कायमै

छलफलमा जेनजी प्रतिनिधिहरू विश्वस्तभन्दा बढी सशंकित देखिए । निर्वाचनसँग सम्बन्धित कतिपय प्रावधानहरू संशोधन गर्न पटक-पटक ताकेता हुँदा पनि राजनीतिक दलहरूको अरुचिले सर्वोच्चको आदेश पनि अस्वीकार गरेको उनीहरूको आरोप थियो । ती आवश्यक सुधारका कामहरू अहिले हुँदै गर्दा दलहरूले नै त्यसमा विरोध गर्नुले आन्दोलनको मर्म नामेट हुन सक्ने संशय उनीहरूको छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ एक पटक फेरि 'नो भोट'को बहस

**अन्तरजिल्ला र विदेशमा रहेकालाई मताधिकार दिन ४ वटा ऐन संशोधन गर्दै सरकार**

नेपालमा नो भोटसम्बन्धी बहस एक दशक लामो मात्र हो । २००७ सालको परिवर्तनपछि निर्वाचन गर्नै असहज हुने गरेकामा नो भोटको बहस नै असान्दर्भिक थियो । तर, २०६२/६३ को परिवर्तनपछि नेपाल चुनावी प्रक्रियामा ढलेको थियो र नो भोटको बहस पनि सुरु भयो । र, सर्वोच्च अदालतसम्म यो विषय प्रवेश गर्‍यो । यही सिलसिलामा २१ पुस, २०७० मा सर्वोच्चले निर्वाचन आयोगलाई आदेश दिँदै 'मतपत्र छाप्दा कुनै पनि उम्मेदवारलाई मत दिन्नँ भन्ने व्यवस्था मिलाउन' भनेको थियो । 'मत दिन्नँ' भन्ने व्यवस्थालाई अभिव्यक्ति स्वतन्त्रताका रूपमा व्याख्या गर्दै सर्वोच्चका तत्कालीन न्यायाधीशहरू कल्याण श्रेष्ठ र प्रकाश वस्तीको संयुक्त इजलासले उक्त आदेश दिएको थियो । सर्वोच्चको आदेशपछि २ पटक प्रदेश र संघीय निर्वाचन तथा २ पटक स्थानीय तहको निर्वाचन भइसकेको छ । तर, सार्वोच्चले 'नन अफ द एबोभ' अर्थात् नोटासहितको मतपत्र छाप्ने आदेश दिए पनि राजनीतिक दलहरूकै कारण संसद्सम्म पुगेको विधेयकबाट यसलाई हटाइँदै आएको थियो । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ चुनाव तलमाथि भए देश अनिश्चयतिर जान्छ : राष्ट्रपति पौडेल

सोमबार मानवअधिकार तथा शान्ति समाजको प्रतिनिधिमण्डल राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न शीतलनिवास पुगेको थियो । विषय घोषित मितिमै निर्वाचन गराउनुपर्नेमा नै केन्द्रित थियो । भेटका क्रममा राष्ट्रपति पौडेलले तोकिएकै मितिमा निर्वाचन नभए देश नै अनिश्चयतर्फ जानेतर्फ सबैलाई सचेत गराए । शान्ति समाजको टोलीसँग पौडेलले भने, 'मुलुकमा अब खेलबाड गरिरहने अवस्था छैन, फागुन २१ गतेको चुनाव तलमाथि भयो भने देश अनिश्चयतिर जान्छ । चुनाव सफल पार्नु सबै नेपालीको दायित्व हो । यो सरकार आफूलाई प्राप्त निश्चित समय पूरा गरेर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेर बिदा हुन्छ ।'

---

२४ भदौबारे नेपाली सेनाले भन्यो-

# हामीले राजनीतिक महत्वाकांक्षा देखाएको भए आज देश यो अवस्थामा हुने थिएन




■ रासस

काठमाडौँ । नेपाली सेनाले जेनजी आन्दोलनपछिको अवस्था सहज तुल्याउने सन्दर्भमा राष्ट्रपति र कार्यपालिकाको निर्णय अधिकारको सम्मान गरेको प्रष्ट पारेको छ । परिस्थिति थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व भएको सेनाले बताएको छ । तत्कालीन अवस्थाबारे चर्चा गरिएको जंगी अड्डाको लेखमा भनिएको छ, 'संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरू आइरहेका छन् । सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकांक्षा देखाएको छ । जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ । यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो ।'

सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको स्पष्ट गर्दै लेखमा भनिएको छ, 'सेना संविधानप्रति निष्ठावान् छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ ।' सेनामा राजनीतिक महत्वकांक्षा पटक्कै नभएको उल्लेख गर्दै भनिएको छ, 'तत्कालीन राजनीतिक शून्यताको अवस्था अन्त्य गर्न सहजीकरण गरेकोचाहिँ पक्कै हो । सेनामा यदि राजनीतिक महत्वकांक्षा हुन्थ्यो भने आज हामी यो अवस्थामा हुन्थ्यौँ र ?' विद्यमान अवस्थालाई मूल्यांकन गरी सुरक्षा निकायलाई मजबुत बनाउनु राष्ट्रहितमा भएको उल्लेख गर्दै सेनाले भनेको छ, ' परिस्थितिको सतहीभन्दा वस्तुपरक ढंगबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ । तत्कालीन संकटको परिस्थितिमा भएको घटना सम्बन्धमा ३ महिनापछिसम्म पनि बहस जारी रहनु तथा विविध कोणबाट विश्लेषण हुनु सुरक्षा सचेतनाको परिप्रेक्षमा सकारात्मक भएको सेनाको बुझाइ छ । सेनाले विभिन्न विषयमा भइरहेका टिकाटिप्पणीलाई शीर्षकगत रूपमा थप प्रस्ट्याउँदै भनेको छ-

> सेनामा राजनीतिक महत्वाकांक्षा पटक्कै देखिँदैन । तत्कालीन राजनीतिक शून्यता अन्त्य गर्न सहजीकरण गरेकोचाहिँ पक्कै हो । सेनामा यदि राजनीतिक महत्वाकांक्षा हुन्थ्यो भने आज हामी यो अवस्थामा हुन्थ्यौँ र ?

### संवैधानिक दायरा र नागरिक सर्वोच्चता

नेपालको संविधानले नेपाली सेनालाई पूर्णतः नागरिक सर्वोच्चता र निर्वाचित सरकारको अधिनमा राखेको छ । सेनाको परिचालन, भूमिका र सीमा स्पष्ट छन् । कार्यपालिकाको निर्णयबिना सेना आन्तरिक सुरक्षामा स्वतः प्रवेश गर्न सक्दैन । यही संवैधानिक मर्यादाले नेपाली सेनालाई आज पनि देशकै सबैभन्दा विश्वसनीय संस्था बनाएको हो । यो नेपाली सेनाको संविधान र लोकतान्त्रिक शासन प्रणालीप्रतिको सम्मान पनि हो । यदि सेनाले कार्यपालिकाको स्पष्ट आदेशबिना हस्तक्षेप गरेको भए र २४ गते थप नागरिकको मृत्यु भएको भए परिस्थिति सम्हालिन कठिन त हुने नै थियो, बिनाआदेश आफैँ परिचालन भयो भनी त्यसको दोष पनि सेनामाथि नै पर्ने थियो । गत भदौ २४ मा तत्कालीन अवस्थाले उच्च जोखिममा परेका विशिष्ट व्यक्तिहरू, कूटनीतिज्ञ तथा सर्वसाधारणको जीवन रक्षा नेपाली सेनाको पहिलो दायित्व बन्यो । जीवन रक्षा कुनै व्यक्ति विशेषको संरक्षण होइन, यो राज्यको आधारभूत कर्तव्य हो । भदौ २४ मा अवस्था अझ व्यापक र अराजक बन्दा जीवन जोगाउने प्राथमिकतासहित संयमित रूपमा उपस्थित भयो सेना । उक्त दिन कुनै अकल्पनीय घटना भएको भए त्यसले निम्त्याउने थप द्वन्द्व र अस्थिरतातर्फ पनि गहिरिएर विचार पुर्‍याउनुपर्छ । भौतिक पूर्वाधार महत्वपूर्ण भए पनि जीवनभन्दा माथि कदापि हुँदैन । ▸▸▸ बाँकी पृष्ठ ६

---

■ महाधिवेशनको मुखमा कांग्रेसमा फेरि किचलो

# चुनाव र पुनर्स्थापना पक्षमा स्पष्ट कित्ताकाट

## पुनर्स्थापना नभए चुनाव हुन नदिने उपाय खोज्दै देउवा-ओली

■ विक्रम रत्न



काठमाडौँ । डेढ महिने रस्साकस्सीपछि बल्लतल्ल १५औँ महाधिवेशनको मिति जुराएको नेपाली कांग्रेसको महाधिवेशन नजिकिँदै गर्दा किचलो बढ्दै गएको छ । प्रतिनिधिसभा पुनर्स्थापना भएमा राज्यसत्तामा आफ्नो प्रभुत्व जम्ने र पार्टी सत्तासमेत कब्जा गर्न सकिने भएपछि कांग्रेस संस्थापन पुनर्स्थापनाका लागि कस्सिएर लागेको छ । सकेसम्म महाधिवेशन सार्न पाए आफ्नो सत्ता र शक्ति कायम राख्न राख्न सकिने मनोविज्ञानमा सभापति शेरबहादुर देउवासहित संस्थापन पक्ष र महाधिवेशन तोकिएकै मितिमा भए आफ्नो हातमा पार्टी सत्ता आउने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्षीय नेताहरूको बुझाइ रहेपछि दुवै पक्षको रस्साकस्सी सुरु भएको हो ।

यता, इतर पक्षको नेतृत्व गरिरहेका शेखर कोइराला पक्षधर पनि आफूअनुकूल राजनीतिक मैदान बनाउन सक्रिय भइरहँदा कांग्रेसभित्रको राजनीति थप पेचिलो बन्दै गइरहेको छ । ३ पक्षको शक्ति संघर्ष चलिरहँदा कांग्रेस राष्ट्रिय राजनीतिमा आफ्नो भूमिकाबाट त विमुख भइरहेको छ नै, अनिश्चित यात्रा गरिरहेको स्वयं कांग्रेसका नेताहरूले बताएका छन् । यतिबेला कांग्रेस १५औँ महाधिवेशनको अनिश्चितता, २१ फागुनमा प्रतिनिधिसभाको चुनाव वा प्रतिनिधिसभा पुनर्स्थापनाको गोलचक्करमा फसेको छ ।

### ■ अंकगणितमा शेखर-गगन-विश्व पक्ष अल्पमतमा

२१ फागुनमा तोकिएको चुनावमा भाग लिने वा विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको एजेन्डामा अडिग रहने भन्नेमा कांग्रेसमा स्पष्ट २ कित्ता देखिएको छ । गत मंसिर ६ गतेको केन्द्रीय समिति बैठकले घोषित मितिमा हुने चुनावमा भाग लिने निर्णय गरेको थियो । तर, सो निर्णयविपरीत सभापति शेरबहादुर देउवाको निर्देशनमा विघटित प्रतिनिधिसभाका प्रमुख सचेतक श्याम घिमिरेसहितका ८ सांसदले २१ मंसिरमा सर्वोच्च अदालतमा पुनर्स्थापनाको मागसहित रिट दर्ता गराएका थिए । तर, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित इतर पक्षका नेता शेखर कोइरालालगायतले सो रिट पार्टीको आधिकारिक नभएको बताउँदै आएका छन् । संस्थापन पक्षले सो रिटलाई पार्टीको आधिकारिक निर्णय बनाउन तत्कालीन सांसदहरूको बहुमत जुटाएर इतर पक्षलाई दबाबमा राखेको छ ।

नेकपा एमालेले संस्थागत निर्णय नै गरेर सर्वोच्चमा रिट दिएको छ । अहिले कांग्रेस-एमालेले पुनर्स्थापनाको पक्षमा बहुमत सांसदको हस्ताक्षर सर्वोच्च अदालतमा बुझाउने तयारी गरेका छन् । एमालेले ७५ जना सांसदको हस्ताक्षर गराएको छ भने कांग्रेसले हस्ताक्षर गर्ने सांसदको संख्या ६६ पुर्‍याएको छ । साथै जनता समाजवादी पार्टीकी सांसद हसिना खान, जनमत पार्टीकी गोमा लाभ सापकोटा र स्वतन्त्र सांसद योगेन्द्र मण्डलको समेत हस्ताक्षर गरेर पुनर्स्थापनाको पक्षमा १४४ जना सांसदको हस्ताक्षर जुटाइएको कांग्रेस नेता श्याम घिमिरेले जानकारी दिए । बहुमतका लागि १३८ सांसदको आवश्यकता पर्छ । संकलित हस्ताक्षर आफ्ना कानुन व्यवसायी खम्मबहादुर खातीलाई सोमबार नै बुझाइएको र उनैमार्फत् आवश्यक कामकारबाही अघि बढ्ने नेता घिमिरेले बताए । ▸▸▸ बाँकी पृष्ठ ५

---

■ आर्थिक विकासको मुख्य चुनौती बन्दै व्यापार घाटा

# ५ महिनामै साढे ६ खर्बभन्दा बढी घाटा



■ सौर्य समाचार

काठमाडौँ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ५ महिनामा (साउन-मंसिर) नेपालको वैदेशिक व्यापार घाटा साढे ६ खर्ब पुगेको छ । भन्सार विभागको तथ्यांकअनुसार चालु आवको पहिलो ५ महिनामा व्यापार घाटा ६ खर्ब ४९ अर्ब ६८ करोड १५ लाख रुपैयाँ पुगेको हो । यो अघिल्लो वर्षको तुलनामा १०.५२ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा ५ खर्ब ८७ अर्ब ८२ करोड व्यापार घाटा थियो । आयातको तुलनामा निर्याततर्फको वृद्धि तीव्र देखिए पनि व्यापार घाटा भने घट्न सकेको छैन । नेपालको आर्थिक विकासमा मुख्य चुनौतीका रूपमा रहेको व्यापार घाटा घट्न नसक्दा अर्थतन्त्रमा चुनौती थपिएको छ । निर्यातमूलक उत्पादन कम हुनु र विप्रेषणमुखी उपभोगको विस्तार हुनुले व्यापार घाटा घट्न नसकेको अर्थविद्हरूले बताएका छन् । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ यी हुन् धेरै आयात भएका वस्तु

विभागका अनुसार ५ महिनामा ४६ अर्ब ९७ करोड रुपैयाँको कच्चा भटमासको तेल, ४५ अर्ब ६० करोडको डिजेल, २७ अर्ब ३३ करोडको पेट्रोल, २२ अर्ब ३९ करोडको खाना पकाउने ग्यास, २१ अर्ब ८४ करोडको फलामजन्य सामग्री र १९ अर्ब १३ करोडको स्मार्टफोन फोन आयात भएको छ । त्यस्तै, १९ अर्ब ७ करोड रुपैयाँको डायमोनियम हाइड्रोजन अर्थोफोस्फेट र १५ अर्ब ७२ करोड रुपैयाँको सुन आयात भएको छ ।

### ■ यी हुन् धेरै निर्यात भएका वस्तु

नेपालबाट अन्य मुलुकमा ४६ अर्ब ५५ करोड रुपैयाँको प्रशोधित भटमासको तेल, ५ अर्ब ५३ करोडको अलैँची, ४ अर्ब १३ करोडको गलैँचा र ३ अर्ब ७३ करोडको सनफ्लावर तेल निर्यात भएको विभागको तथ्यांक छ । त्यस्तै, २ अर्ब ७३ करोडको ब्लिच नगरिएको जुटको कपडा, २ अर्ब ५८ करोडको फेल्टका सामग्री, २ अर्ब ५१ करोडको पाम तेल, २ अर्ब ९ करोड रुपैयाँको धागो र १ अर्ब ८६ करोडको चिया निर्यात भएको छ ।

### ■ निर्यात बढाउन के के प्रयास भए ?

व्यापार सन्तुलन कायम गर्न नेपालले विभिन्न नीति अवलम्बन गरे पनि व्यवहारमा भने उल्लेख्य प्रगति हुन नसकेकोमा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । सरकारले निर्यात प्रवर्द्धनका लागि तयारी पोसाक, कृषि तथा प्रशोधित वस्तु निर्यातमा ३-५ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्था गरेको छ । त्यस्तै, एकीकृत व्यापार रणनीति बनाएर उच्च सम्भावना भएका वस्तु (चिया, अलैँची, कफी, जडीबुटी, हस्तकला आदि)लाई प्रवर्द्धन गर्दै आएको छ । व्यापार घाटा कम गर्न सरकारले सुन, गाडी, मदिराजस्ता वस्तुमा कडाइ गरेको छ । साथै यस्ता विलासी सामानमा बढी कर लगाउने गरेको छ । ऊर्जा निर्याततर्फ भारत र बंगलादेशमा विद्युत् निर्यात गरिरहेको छ । भारत-चीनसँग व्यापार सन्तुलन सुधार प्रयासस्वरुप साफ्टा, बिमस्टेक र विश्व व्यापार संगठनको उपयोग गरिरहेको भए पनि नेपालले निर्यातमा फट्को मार्न सकेको छैन । यसको कारण केलाउनुपर्ने र उत्पादनमूलक अर्थतन्त्रमा जोड दिनुपर्नेमा विज्ञहरूको जोड छ ।

# स्थानीय तहबाटै सुरक्षित आप्रवासनको काम सुरु गर्नुपर्नेमा जोड

काठमाडौँ। सरोकारवालाहरूले वैदेशिक रोजगारीमा जाने श्रमिकको ऋणको भारी कम गर्न र सुरक्षित आप्रवासनसम्बन्धी काम स्थानीय सरकारबाटै सुरु गर्नुपर्नेमा जोड दिएका छन्। अन्तर्राष्ट्रिय आप्रवासन दिवसको सन्दर्भमा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम)ले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनीहरूले सकेसम्म कम लगानी गरेर श्रमिक विदेश जानसके भने मात्रै राष्ट्र र परिवारले लाभ लिन सक्ने बताए।

त्यस अवसरमा डा. जीवन बानियाँले कार्यपत्र प्रस्तुत गरेका थिए। उनले १ लाखदेखि ९० लाख रुपैयाँसम्म लगानी गरेर श्रमिकहरू विदेश गइरहेको उल्लेख गर्दै सरकारले उनीहरूको खर्च कम गर्नका लागि ध्यान दिनुपर्नेमा जोड दिए। 'भिसा र टिकट निःशुल्क भनिन्छ, तर कार्यान्वयन भएको छैन,' उनले भने। -सौस

# ११ लाख ऋण तिर्नु नपर्ने लोभमा २ दिनमै २ जनाको हत्या

## चप्पलले खुल्यो रहस्य




■ सौर्य समाचार

काठमाडौँ। ललितपुर र भक्तपुर क्षेत्रमा २ दिनको अन्तरमा २ जना युवकको हत्या भएको सनसनीपूर्ण घटना सार्वजनिक भएको छ। ११ लाख रुपैयाँ ऋण तिर्नु नपर्ने उद्देश्यले योजनाबद्ध रूपमा हत्या गरिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आरोपमा सिन्धुलीको गोलन्जोर गाउँपालिका घर भएका देवराज ढुंगेल र जयराम अधिकारी पक्राउ परेका छन्। प्रहरीका अनुसार देवराजले आफ्नी पत्नीलाई जापान पठाउँदा लागेको खर्च टार्न आफ्नै जेठान केशवराज हायुबाट ६ लाख र छिमेकी कृषि व्यवसायी पारुहाङ राईबाट ५ लाख रुपैयाँ ऋण लिएका थिए। ऋण फिर्ता माग्न थालेपछि देवराजले दुवैलाई पालैपालो हत्या गर्ने योजना बनाएका थिए।

पहिलो घटना ललितपुरको ज्यामिरे जंगलमा भएको थियो। रमाइलो गर्ने बहानामा लगेका केशवराजलाई मदिरा सेवन गराएपछि ह्याम्मर प्रहार गरी हत्या गरिएको प्रहरीको अनुसन्धान निष्कर्ष छ। त्यसको भोलिपल्ट भक्तपुर-ललितपुर सीमानाको सूर्यविनायक जंगलमा पारुहाङलाई पनि उस्तै शैलीमा हत्या गरिएको थियो। केशवराजको शव केही दिनपछि ललितपुरस्थित कृषि फार्मको इनारमा फेला परेको थियो।

घटनास्थल नजिक भेटिएको चप्पल र एक भिडियोमा देखिएको चप्पल मिलेकै आधारमा अनुसन्धान देवराजतर्फ मोडिएको थियो। थप अनुसन्धानमा उनको कोठाबाट रगत लागेका कपडा, ह्याम्मर र टेप फेला परेपछि प्रहरी लगभग निष्कर्षमा पुगेको थियो। पछि जयराम अधिकारी पक्राउ परेपछि उनले दुवै हत्यामा संलग्न रहेको स्वीकार्दै पारुहाङको शव रहेको स्थान देखाएका थिए। प्रहरीले दिएको जानकारीअनुसार हत्यापछि शव मोटरसाइकलमार्फत इनारमा फालिएको थियो। हत्यामा संग्लग्न देवराज र जयराम मिल्ने साथी रहेको अनुसन्धानबाट खुलेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान जारी राखेको जनाएको छ।

### भक्तपुरमा १ महिनामै १४ वटा जघन्य अपराधका घटना

भक्तपुरमा पछिल्लो १ महिनामै १४ वटा जघन्य अपराधका घटना घटेका छन्। जिल्ला प्रहरी परिसर भक्तपुरले गत मंसिरभरि जिल्लामा घटेका घटनाको विवरण आइतबार सार्वजनिक गर्दै १४ वटा गम्भीर अपराधका घटना भएका जनाएको हो। परिसरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रकाश जवेजुले १ महिनामा ३७ जना पक्राउ परेका जनाउँदै १३२ मुद्दा दर्ता भएका उल्लेख गरे। उनका अनुसार ८ वटा लागुऔषधसम्बन्धी, ४ वटा जबर्जस्ती करणी, २ वटा मानव बेचबिखनका घटना भएका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँगसम्बन्धी अपराधका घटना बढी देखिएका उनले बताए।

त्यस्तै, जिल्लामा बैंकिङ कसुरका मुद्दा सबैभन्दा बढी भएका जानकारी दिँदै परिसरका सूचना अधिकारी जवेजुले मंसिरमा ७१ वटा आर्थिक अपराधका घटनाअन्तर्गत बैंकिङ कसुरसम्बन्धी ६७ मुद्दा परेका बताए। सार्वजनिक चासो रहेको कर्तव्य ज्यानका २ वटा मुद्दाको सफल अनुसन्धान गरेको, फैसला कार्यान्वयनबाट ३७ जना पक्राउ गरी ३८ लाख १३ हजार ८०० रुपैयाँ जरिमाना भराएको उनले बताए। सूचना अधिकारी जवेजुले उनीहरूलाई ७ वर्ष ६ महिना १६ दिनको कैद सजायको फैसला गरिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ परेका ४९ मध्ये ३३ वटा मुद्दामा मिलापत्र र १६ वटाको काम बाँकी रहेको जानकारी दिए।

## हराएका ४ जना बालबालिका फेला

आइतबारदेखि सप्तरीको तिरहुबाट हराएका ४ जना बालबालिकालाई सोमबार सशस्त्र प्रहरीले फेला पारेको छ। उनीहरूलाई सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस भारदहको सुरक्षा फौजले सप्तरीकै हनुमाननगर कंकालिनीमाई नगरपालिका-१ कोशी व्यारेजबाट फेला पारेको हो । फेला परेकाहरूमा सोही जिल्लाको तिरहुत गाउँपालिका-३ गोइठी बस्ने अन्दाजी ७ वर्षीया श्रृष्टिकुमारी सरदार, ७ वर्षकै कुमारी सरदार, ८ वर्षकी आरोसी सरदार र ६ वर्षीय कृष्ण सरदार छन्।

उनीहरूलाई गस्तीमा रहेको सुरक्षा फौजले शंका लागि सोधपुछ गर्दा आफ्नो घर ठेगाना तथा कहाँ केको लागि जान हिडेको भन्नेसमेत खुलाउन नसकेपछि नियन्त्रणमा लिइएको थियो। आफूखुशी घरबाट हिँडेर अलपत्र अवस्थामा फेला परेका बालबालिकालाई नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधि तथा बासिन्दाको रोहबरमा उनीहरूको अभिभावकको जिम्मा लगाइएको छ। उनीहरूलाई कसैले ललाइ-फकाइ गरेर ल्याएको हुनसक्ने अनुमान गरिएको छ।


# सिरानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति:२०८२/०९/०८

यस सिरानचोक गाउँपालिकाको आ.व. ०८२/८३ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यको लागि मिति २०८२/०७/३० गतेका दिन विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ अनुसार जानकारी गराउन र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदातालाई जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | ठेक्का न. | ठेक्काको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर र पि.एस सहित) |
|---|---|---|---|---|
| १. | SRM/GORKHA/WORKS/INFRA/NCB/082/083-P8 | Construction of additional storey of ward no 2 office | Ilung Devi Nirman Sewa, Ajirkot R.M-05, Gorkha. | रू ३५,८५,५७८.९० |

प्रमुख प्रशासकीय अधिकृत



# सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
धनगढी कैलाली

## महिला उद्यमी तथा उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।८

यस मन्त्रालयको आ. व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम रहेकोले इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुलाई आवस्यक पर्ने प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। सूचनाको विस्तृत विवरण यस मन्त्रालयको वेवसाईट www.mosd.sudurpashchim.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।



# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## E-Bidding (विद्युतिय बोलपत्र) आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०८ गते

यस फेदाप गाउँपालिकाको लागि आ.व. ०८२-०८३ मा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजना बोलपत्र प्रकृयाबाट सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक सप्लायर्सबाट रितपूर्वकको E–Bidding (विद्युतिय वोलपत्र) आह्वान गरिएको छ।

तपसिल

| क्र.स. | ठेक्का नं. | ठेक्का विवरण | ल.ई. रकम रु. (मु.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र पेश गर्ने प्रकृया | वोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | PHRM/NCB/GOODS/2082/083/05 | Supplying HDPE Pipe and HDP Polythene Tank. | ३८,१४,५१३.१६।- | ९५,५००।- | E–Bidding | ३,०००।- |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन दिनको १२ बजे भित्र E–Bidding (विद्युतिय बोलपत्र) www.bolpatra.gov.np को माध्यमवाट बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र दस्तुर वापतको रकम फेदाप गा.पा. पोक्लावाङ स्थित नविल वैंक फेदाप शाखामा रहेको आन्तरिक राजस्व खाता ग १.१ २३२०१०१७५०००३९ मा मिति २०८२-१०-०८ गते भित्र जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ।
२. विद्युतिय बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८१-०८२ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ। साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको फेदाप स्थित नविल वैंक फेदाप शाखामा रहेको धरौटी खाता नम्वर ग ३ धरौटी खाता नं. २३२०१०१७५०००२५ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य वैंकबाट जारी गरेको विडवण्ड (बोलपत्रमा जमानत) पेश गर्नुपर्नेछ।
३. विद्युतिय बोलपत्र २०८२-१०-०८ गते दिनको १२ बजे भित्र पेश गरि सक्नुपर्नेछ। वोलपत्र मिति २०८२-१०-०८ गते दिनको १ वजे नियमानुसार खोलिनेछ।
४. विद्युतिय बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ।
५. म्याद नाघी आएको वा रीत नपुगी आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन।
६. दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
७. वोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार फेदाप गाउँकार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुममा निहित रहनेछ।
८. माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ।
९. थप जानकारी लिन चाहेमा कार्यालय समय भित्रफेदाप गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ।
१०. यस सूचनामा परेका बिषय यसै बमोजिम नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियमावली तथा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत



## संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरूरी सूचना

(प्रकाशित मिति: २०८२/०९/०८)

यस कम्पनीका संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको ७,७३२ कित्ता संस्थापक शेयर बिक्री गर्ने ईच्छा राखी निवेदन दिनु भएको र उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई नियमानुसार बिक्री गर्न प्रकृया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक हाल कायम यस कम्पनीका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने नेपाल बीमा प्राधिकरणको विद्यमान व्यवस्था बमोजिम रहेका संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आवश्यक कागजात संलग्न गरी यस कम्पनीको प्रधान कार्यालय टंगाल, काठमाण्डौमा आफुले खरिद गर्न चाहेको शेयर के कति दर रेटमा खरिद गर्ने हो सो को व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गर्ने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य योग्य गैर संस्थापकलाई संस्थापक शेयर बिक्री गर्ने सम्बन्धी आवश्यक कारवाही प्रकृया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.
२०५ टंगाल मार्ग, टंगाल
पो.ब.नं.:१६२२, काठमाडौं, नेपाल।
फोन.नं.:०१-४५२७१७०/७१/७२, ०१-४५२७१०१
E-mail:info@sgic.com.np, web:www.sgic.com.np



# Lisankhu Pakhar Rural Municipality
## Office of Rural Municipal Executive
Attarpur, Sindhupalchowk
Bagmati Province, Nepal

## Invitation for Electronic Bid

First Date of Publication: 2082/09/08 (23rd Dec 2025)

1. *Lisankhu Pakhar Rural Municipality* invites bids from Nepalese eligible bidders for the **Construction of the works in the table below,** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchowk, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at **Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchowk**, at **13:00 HRs on 2082/09/29 (13th Jan 2026).**
4. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e., 2083/02/09 (23rd May 2026)).**

| S. N. | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of | | Estimated Amount with VAT & PS (NRs) |
|---|---|---|---|---|---|---|
| | | | | Submission | Opening | |
| 1 | LPRM/Works/WSS/NCB/082/83-09 | Upgrading of Maichang Dhara-Wafal Bazar Road, Lisankhu Pakhar RM-03 | 71,000/- | 2082/10/09 (23rd Jan 2026) 12:00 HRs | 2082/10/09 (23rd Jan 2026) 13:00 HRs | 28,10,956.05/- |
| 2 | LPRM/Works/WSS/NCB/082/83-10 | Construction of Sarghang Gravity Water supply Project, Lisankhu Pakhar RM-02 | 61,000/- | 2082/10/09 (23rd Jan 2026) 12:00 HRs | 2082/10/09 (23rd Jan 2026) 13:30 HRs | 24,33,099.40/- |
| 3 | LPRM/Works/WSS/NCB/082/83-11 | Mulkharka Chapmuhan Sildhunga Garvity Water Supply Scheme, Lisankhu Pakhar RM-05 | 61,000/- | 2082/10/09 (23rd Jan 2026) 12:00 HRs | 2082/10/09 (23rd Jan 2026) 14:00 HRs | 24,43,558.32/- |

Chief Administrative Officer

## विस्थापित परिवारका पीडा

# ३ वर्षदेखि जंगलको छेउमा त्रिपालमुनि बास



सौर्य समाचार

कैलाली । जिल्लाको चुरे गाउँपालिका-४, बालुवागडा नजिकैको जंगलमा नवलसिंह घर्ती र उनका परिवार विगत ३ वर्षदेखि पालमा बसिरहेका छन् । चुरे-४ स्थित मसुरी गाउँका घर्तीको परिवारलाई केही वर्ष पहिलेको भीषण पहिरोले विस्थापित बनाएपछि उनीहरूले जग्गा भाडामा लिएर घर बनाएका थिए । तर जग्गाधनीले बिचैमा जग्गा नदिने भएपछि उनीहरू त्यहाँबाट पनि विस्थापित भए । 'त्यसपछि हामी चुरे-४ कै टाँकगडा जंगलको बीचमा बस्न थाल्यौँ,' नवलसिंहले विगत सम्झिँदै भने, 'त्यहाँ धेरै परिवार थियौँ । वन अतिक्रमण गरेको भन्दै त्यहाँबाट पनि हामीलाई हटाएपछि हाम्रो कतै जाने ठाउँ थिएन । अनि यही जंगलको छेउमा ओत लाग्न आइपुग्यौँ ।'

सोही स्थानमा बस्दै आएका अर्का रतन नाथको पीडा पनि उस्तै छ । डडेल्लधुरा पुर्ख्यौली घर भएका रतनले सानैमा अभिभावक गुमाएपछि रोजगारीका लागि भारततिर गए । भारतमै हुँदा गाउँमा नापी टोली आएछ । आफन्तले रतनको नाममा हुनुपर्ने जग्गा आफ्नै नाममा नाप्न लगाएछन् । 'बुबाआमा सानैमा बितेका थिए, म परदेशमा थिएँ,' उनले भने, 'आफन्तले हाम्रो सबै जमिन आफ्नो नाममा नापी गराइदिएछन् । म फर्किंदा मेरो टेक्ने जमिनसम्म थिएन ।' २०६० सालमा डडेल्लधुरा छाडेर चुरे गाउँपालिका-४ स्थित गुठीको जमिनमा बसोबास गरे पनि त्यहाँबाट उठाइएपछि अहिले यहाँ आएर बसोबास गरिरहेको उनले बताए । रतनको परिवार स्थानीय सूर्यमुखी आधारभूत विद्यालयको जंगल छेउको खेलमैदानमा पालमुनि बस्दै आएको छ । रतन भन्छन्, 'यो हाम्रो इच्छा होइन, बाध्यता हो । यहाँबाट स्कुलले खेलकुद मैदान खाली गरिदिनु भनिरहेको छ, अब कता जाने थाहा छैन ।'

### जोखिमपूर्ण जीवन

हाल बालुवागडा क्षेत्रमा १५ भन्दा बढी परिवार अस्थायी टहरामा बसिरहेका छन् । तीमध्ये केही परिवारका अभिभावकहरू रोजगारीको खोजीमा भारत गएकाले घरमा बालबालिका मात्रै छन् । घरबार गुमाएर जंगलको बसोबास गरिरहेका उनीहरूको जीवन कष्टकर छ । पालमा बालबालिकाहरूले जाडो धान्न कठिन छ । स्थानीय कलि नाथका अनुसार वर्षायाममा पानी चुहिएर रासन, लत्ताकपडा सबै भिज्छ । 'पानी पर्दा टहराभित्रै भेल पस्छ,' उनी भन्छन्, 'रातभरि बिच्छी र कीरा-काटीको डर हुन्छ । कतिपटक त बिच्छीले टोकेर उपचारका लागि दौडिनुपरेको छ । तर जाने ठाउँ कतै नभएपछि यही मृत्युसँग जुधेर बस्नुपर्ने अवस्था छ ।'

### गिट्टी कुटेर जीविका

यहाँका महिलाहरूको दिनचर्या खोलामा बित्छ । खोलामा संकलन गरिएको गिट्टी नै उनीहरूको आम्दानीको स्रोत हो । 'अहिले छोराछोरीको परीक्षा आइरहेको छ,' स्थानीय बुदीसरा सिंजाली भन्छन्, 'गिट्टी बेचेर आएको पैसाले परीक्षा शुल्क तिर्ने योजना छ ।' बुदीसराझैँ अन्य महिलाहरूको पनि मुख्य आम्दानीको स्रोत गिट्टी नै हो । प्रति घनमिटर १ हजार ५०० रुपैयाँमा बिक्री हुने गिट्टीबाट आउने पैसाले उनीहरूको घरको नुन-तेल चल्छ । सो क्षेत्रमा मात्रै होइन चुरेको विभिन्न स्थानमा बसोबास गरिरहेका घरबारविहीन परिवारको अवस्था समान छ । वैकल्पिक बसोबासको व्यवस्था नहुँदा पीडितहरू हाल बसिरहेको स्थानमै बस्नुपर्ने बाध्यता रहेको चुरे गाउँपालिका-४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछाने मगरले बताए । उनका अनुसार २०७७ सालमा आएको बाढीलगायत अन्य कारणले बिस्थापित ११६ परिवार चुरे-४ को पनेरुगडा, टाँकगडा, बालुवागडा र चुरे-१ को खामाहाले, खानीडाँडालगायतका क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन् ।

सुरुमा घरबारविहीन भन्दै वन क्षेत्रमा करिब ७०० परिवार बसेका थिए । गाउँपालिकाले छानबिन गर्दा ११६ परिवार मात्रै पूर्णरूपमा घरबारविहीन पाइयो । उनीहरूलाई वन क्षेत्र अतिक्रमण गरेको भनी २०७९ सालमा वन कार्यालयले हटायो । गाउँपालिकाले गरेको छानबिनअनुसार हाल वास्तविक पीडितहरू नै जंगल क्षेत्रमा बसोबास गरिरहेका छन् । 'विस्थापितहरूको समस्या वास्तवमै गम्भीर छ,' वडाध्यक्ष मगर भन्छन्, 'तर स्थानीय तहसँग उनीहरूलाई तत्काल व्यवस्थापन गर्ने आफ्नै जमिन छैन । वन क्षेत्रबाट वन कार्यालयले हटाउन खोज्छ, यता उनीहरूको जाने ठाउँ छैन । यही कारणले उनीहरू जोखिमपूर्ण अवस्थामा छन् ।' चुरेका यी विस्थापित परिवारहरू सरकारले सुरक्षित घरबास उपलब्ध गराउला कि भन्ने आशामा वर्षौंदेखि छन् । यही राज्यका नागरिक भएकाले पनि सरकारले अभिभावकको भूमिका निर्वाह गरोस् भन्ने उनीहरूको चाहना छ ।

---

## Gramthan Rural Municipality
## Office of the Rural municipal Executive
Tetariya, Morang

**InvitationforBids(e-bid only)**

**Date of publication: 2082/09/08**

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| ContractID/IFB No. | Description | Estimated Amount (exclusive VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|
| G.R/SQ/GOODS/ 9-082-083 | Supply and Delivery of Medicine to Gramthan Rural Municipality, Tetariya | 1368738.6 | 1000 | 39000 | |

---

## याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर

**प्राविधिक प्रस्ताव स्वीकृत गरि आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८२/०९/०८

उपरोक्त विषयमा यस कार्यालय अन्तर्गत तपशिलको आयोजनाको लागि **www.bolpatra.gov.np** को **Egp system** मा **Submission** भएका निम्नानुसार बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज उपनियम ४ बमोजिम प्राविधिक प्रस्तावहरुको मुल्यांकन हुँदा तपसिल अनुसारका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज उपनियम ५ बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | प्राविधिक प्रस्ताव सफल भएका प्रस्तावदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान | कैफियत |
|---|---|---|---|---|---|
| 1 | Construction of Health Post Nagi with Birthing Center | YRM/NCB/Works/ No-01-2082/83 | 1. Tara-Bison JV, Buddhanagar, Kathmandu<br>2. Bijen/Sandhya JV, Dharan<br>3. Himtara Purwadhar Bikas Company, Itahari<br>4. Adhikari Nirman Sewa, Phidim | २०८२/०९/१६ गते १३:०० बजे याङवरक गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथर | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## तल्लो ईडवा पावर कम्पनी लिमिटेड
रजिष्टर्ड कार्यालयः काठमाडौं महानगरपालिका वडा नं ११, थापाथली

**को**

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/०८)

तल्लो ईडवा पावर कम्पनी लिमिटेडको मिति २०८२/०८/२२ गते बिहान १० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रथम वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

मिति : २०८२ साल पौष १७ गते बिहिवार (Thursday, 1st January, 2026)

स्थान : कम्पनीको रजिष्ट्रार कार्यालय, थापाथली, काठमाडौं ।

समय :- बिहान ११.०० बजे देखि

**प्रथम वार्षिक साधारण सभाका छलफलका बिषयहरुः**

**क) सामान्य प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति विवरण छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावः**

१. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

---

## Mayadevi Rural Municipality
## Office of Rural Municipal Executive
Barewa Rupandehi

**Invitation for Online Bids**

Date of publication: 2025-12-23

1. Mayadevi Rural Municipality,Barewa Rupandehi invites online bids Under E-Procurement system to the bidders for the goods of following items Under NCB Bidding procedure:

| S.N | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount without vat | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | 01/MRMUN/NCB/ Goods/2082/083 | Procurement of Medicine at Mayadevi Rural Municipality, Rupandehi | 105000 | 4185688.70 | 90 | 3000 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2026-01-213 at 12:00 | 2026-01-23 at 13:00 | Prime Bank Limited. Bethari Rupandehi Account Name: Internal Revenue Account (A/C No: 06401000000015700119 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Mayadevi rural municipality at www. mayadevimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

---

## झ्यामोलोङ्मा हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

**२४ औं वार्षिक साधारण सभा सम्बन्धी सुचना**

झ्यामोलोङ्मा हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले मिति २०८२/०९/०७ गते दिउसो ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको २२ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान, र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**२४ औ वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

**मिति :** २०८२/०९/२९ बुधवार (January 13, 2026)

**समय :** बिहान ठिक ११ : ०० बजे ।

**स्थान :** पोखरा-७, कास्की ।

**२४ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) साधारण प्रस्तावः**

१. संचालक समितिको अध्यक्षज्यूको तर्फ बाट आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व २०८१।०८२,को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसूची समेत) पारित गर्ने सम्बन्धमा ।

३. आ.व.०८२/०८३ को लेखा परिक्षण कार्यको लागी लेखा परीक्षक नियुक्ति एवं निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा

४. **विविध**

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)

---

## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Koshi Province, Nepal**

**Invitation of Electronic Bids**

Date of Publication: 2082/09/08 (23rd December 2025)

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under sealed quotations procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Culvert-ward8-W-SQ-6-082/83 | Durgapuri paschim culvert Nirman urlabari-8 morang | 17,14,975.73 | 38,000/- | 1000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सम्पादकीय

# ओली र देउवाले हेक्का राख्नुपर्ने कुरा

विघटित प्रतिनिधिसभा पुनर्वहालीका लागि तत्कालीन सत्ताधारी दलहरू तिकडमबाजीमा जुटिरहेको समाचारलाई कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीचको पटकपटकको भेटघाटले थप पुष्टि गरेको छ। गत १९ मंसिरमा देउवा र ओली भेटघाट भएलगत्तै नेपाली कांग्रेसका केही निवर्तमान सांसदहरूले समेत प्रतिनिधिसभा पुनर्वहालीका लागि एमालेलाई साथ दिँदै सर्वोच्च अदालतमा रिट निवेदन दर्ज गराएका थिए। ओली र देउवाबीच सोमबार भएको दोस्रो भेटघाट लगत्तै कांग्रेसका थप सांसदहरूले समेत रिट निवेदनकर्ता आफ्ना कानुन व्यवसायीलाई हस्ताक्षर बुझाएका छन्। कांग्रेसका सांसदहरूको हस्ताक्षर लिएर रिट निवेदनमा जाने कानुन व्यवसायी देउवा प्रधानमन्त्री हुँदा महान्यायाधिवक्ता थिए। त्यसैले विघटित प्रतिनिधिसभा पुनर्वहालीको तिकडमका लागि एमाले अध्यक्ष ओलीसरह नै देउवा सक्रिय भएको बुझ्न गाह्रो छैन। नेपाली कांग्रेसका निवर्तमान सांसदहरूले पछिल्लोपटक बुझाएको थप हस्ताक्षर साविकको प्रतिनिधिसभा बहुमतको सरकार गठन गर्न सक्षम छ भन्ने दावीलाई थप बल पुऱ्याउनका लागि हो। किनकि यसअघिको रिट निदेवनमाथि सुनुवाइका क्रममा सर्वोच्च अदालतका न्यायाधीशहरूले रिट निवेदनतर्फका बहसकर्ता कानुन व्यवसायीलाई सोधेका विविध प्रश्नहरूमध्ये एउटा प्रश्न थियो, 'साविकको प्रतिनिधिसभाले बहुमतको सरकार दिन सक्दैन भन्ने कुरा रिट निवेदनमा भएको हस्ताक्षरले नै पुष्टि गरेको अवस्थामा पुनर्वहालीको औचित्य कसरी पुष्टि गर्ने ?' त्यसैले कांग्रेसका थप सांसदहरूले दिएको रिट निवेदन यही प्रश्नको उत्तर हो। किनकि यो थप हस्ताक्षरले साविकको प्रतिनिधिसभा बहुमतको सरकार दिन सक्षम छ भन्ने दावीलाई थप बल पुऱ्याउनु स्वभाविकै हो।

एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाको पछिल्लो प्रयास मुलुकको समस्या समाधानका लागि हो कि थप समस्या सिर्जनाका लागि ? भन्ने प्रश्न सबैभन्दा महत्त्वपूर्ण छ। किनकि बहुमतको सरकार दिन असक्षम भएका कारण तत्कालीन प्रतिनिधिसभा विघटन भएको होइन। गलत व्यक्तिलाई सरकारमा पुऱ्याएर भ्रष्टाचारलाई संस्थागत गर्ने भूमिकाबाहेक मुलुकका लागि रचनात्मक काम गर्न असक्षम भएकै कारण प्रतिनिधिसभा पनि आन्दोलनकारीको निशाना बनेको हो। प्रतिनिधिसभाले गलत सरकार जन्माएको थियो भन्ने कुरा त तत्कालीन प्रधानमन्त्री ओली पदबाट राजीनामा दिएर बेपत्ता भएको घटनाले पुष्टि गरिसकेकै थियो। यसैगरी तत्कालीन संसद्ले सरकार जन्माउन नसक्ने कुरा त प्रमुख राजनीतिक दलका नेता मात्रै होइन, सांसदहरू समेत कैयौँ दिनसम्म भूमिगत भएको प्रकरणले पनि पुष्टि गरिसकेकै थियो। साविकका प्रधानमन्त्री आन्दोलनद्वारा अपदस्थ भएको र अर्को प्रधानमन्त्री चयनका लागि प्रतिनिधिसभालाई आह्वान गर्ने परिस्थिति नभएका कारण संसद् बाहिरबाट अन्तरिम सरकार गठन गरी संविधानलाई जोगाएको राष्ट्रपति रामचन्द्र पौडेलले पटकपटक बताइरहेकै छन्। संविधान नै कोल्याप्स हुन लाग्दासमेत बेखबर भएका ओली र देउवाले राष्ट्रपति, सेना तथा नागरिक समाजको अथक प्रयासद्वारा संविधान लिकमा आउनासाथ फेरि साविककै प्रतिनिधिसभा ब्युँत्याउने प्रयास गर्नु भनेको देशप्रतिको बेइमानी हो।

अहिले गत भदौ २७ को जस्तो संसद्को बैठक नै बस्न नसक्ने अवस्था छैन। प्रतिनिधिसभा पुनर्वहाली भयो भने बैठक बस्न सक्ला, बहुमतको सरकार पनि जन्माउन सक्ला, तर समस्या समाधान गर्न सक्ने कुनै गुन्जाइस छैन, समस्या थपिने मात्रै हो। प्रतिनिधिसभा पुनर्वहाली भइहालेछ भने पनि तत्कालीन प्रतिपक्षी दलहरू सहभागी हुने सम्भावना देखिन्न। बरु भदौ २३ र २४ को भन्दा पनि चर्को असन्तुष्टि मुखरित हुने सम्भावना विद्यमान छ। अर्कोतिर घोषित आमनिर्वाचनको मिति आउन अब २ महिना १४ दिन मात्रै बाँकी छ। अन्तरिम सरकारले आमनिर्वाचनको तयारी यति सफल रूपमा अघि बढाएको छ कि, समानुपातिक उम्मेदवारको बन्दसूचि प्रस्तुत गर्ने मिति आउन ८ दिन मात्रै बाँकी छ, त्यसको पर्सीपल्टदेखि मतपत्र छाप्न थाल्ने तयारीका साथ मेसिन र जनशक्ति तयार अवस्थामा राखिएको जनक शिक्षा सामग्री केन्द्रले जनाइसकेको छ। अब थोरै दिन धैर्य गर्दा आन्दोलनकारी शक्तिको समेत चित्तबुझ्ने गरी ५ वर्षका निम्ति नयाँ प्रतिनिधिसभा जन्मने सुनिश्चितजस्तै बनेको अवस्थामा विघटित प्रतिनिधिसभा पुनर्वहालीको प्रयास गर्नु भनेको देश र जनतामाथिको अर्को घात हुनेछ भन्ने कुरा ओली र देउवाले बुझ्नै पर्छ। समान्य अवस्था रहेको भए पनि २०८४ मंसिरभित्र नियमित आमनिर्वाचन गर्नुपर्छ नै। कम्तिमा पनि आमनिर्वाचनभन्दा ३ महिनाअघि साविकको संसद् विघटन गर्नु पर्थ्यो नै। यस हिसाबले पनि साविकको प्रतिनिधिसभाको कार्यकाल करिब १९ महिना मात्रै बाँकी हुन्छ। यही १९ महिने सेवा सुविधाको लोभका लागि कांग्रेस र एमालेका निवर्तमान सांसदहरू देश र जनताप्रति यतिविधि गैरजिम्मेवार भएर गति नै छाड्नु अयोग्यताको थप प्रदर्शन हो। देउवाको र ओलीको यो प्रयास सामान्यतया सफल हुने सम्भावना देखिन्न। ओलीले आफ्नो चरित्रअनुसार तिकडमबाजी गरेछन् भने सफल पनि होला, तर तिकडमबाजीको प्रतिफल भदौ २४ को भन्दा झन् भयावह हुनेछ। र, त्यतिबेला भाग्ने र लुक्ने अवसर पनि प्राप्त हुने छैन भन्ने हेक्का ओली र देउवाले राखुन्।

# एमाले महाअधिवेशन र राजनीतिक परिदृश्य



बद्रिनरसिंह के.सी.

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को हालै सम्पन्न ११औँ महाधिवेशनले पार्टीका अध्यक्षदेखि कार्यकर्ताहरूसम्म, अन्य पार्टीदेखि स्वतन्त्र विश्लेषक र पर्यवेक्षकसम्म सबैलाई, आइन्दा नेतृत्वको नाममा एकमना जबरजस्ती, सह्य वा स्वीकार्य हुने छैन, भन्ने अर्थपूर्ण सन्देशभाव दिएर सकियो। पार्टीको संस्थापन पक्षका भनिने केही सुपरिचित र परिपक्व नेताले नै नेतृत्वबाट भोग्नुपरेको अन्याय, उपेक्षा र अपहेलनाबाट भक्कानिएको आँसुले पनि निर्वाचनमा केही न केही प्रभाव पारेको देखियो। २०४८ सालदेखि हालसम्म धेरैपटक सत्ताको नेतृत्व गरेको वा सहभागी भएको कारणले एमालेको संरचनागत स्वरूप, नेतृत्वको हैसियत, कार्यकर्ताहरूको रुझान र मनोविज्ञान पनि बुझिने भएकोले महाधिवेशन र त्यसको नतिजा वा निष्कर्ष सबैको चासोको विषय बन्यो। खासगरी तेस्रोपटक मतदानको गणितले पार्टी अध्यक्ष बनेका र चारपटक मुलुकको प्रधानमन्त्री भइसकेका खड्गप्रसाद ओलीको लागि त सच्चिनुपर्नेबारे देखाएको सांकेतिक, मुखर र भावनात्मक सन्देशको अहं महत्त्व पनि उजागर भयो।

सफलता र असफलताको मूल्यांकन जनतामा जरा हालेको राजनीतिको हुन्छ, बाहिरबाट थोपरिएको गणतन्त्रको सफलताको कुरै हुँदैन। आजको एमाले चोइटिने, घोटिने, खिइने र धुलिने रोगले आक्रान्त भएको छ। यो महाधिवेशनले ओलीलाई विजयी र शक्तिवान बनाए पनि एमालेको संगठन संरचनाका पेचकिला खुकुलिएको देखियो। संगठन कब्जा जमाउन सफल ओलीले संगठन विस्तारमा ध्यान नै दिएनन्। 'लौह अनुशासन'मा भएको दाबी गर्दिंदै आएको एमाले ११औँ महाधिवेशनमा आइपुग्दा लौहभस्म हुने अवस्थामा देखियो। आधिकारिक सूचनाअनुसार ११औँ अधिवेशनको प्रक्रियामा ५३ प्रतिशत संगठित सदस्यहरूले आफ्नो सदस्यता नवीकरण गरेनन्। अर्कातिर नेतृत्वको महत्वाकांक्षा र स्वार्थको होडबाजी र टक्करले गर्दा बार्गेनिङ गर्ने वा पार्टी छोड्ने सल्बलाहट तीव्र दरमा बढिरहेको देखिन्छ। प्रदीप ज्ञवाली, गोकुल बाँस्कोटा, कृष्णगोपाल श्रेष्ठ, अग्नि खरेल, लालबाबु पण्डितजस्ता सुपरिचित दोस्रो तहका नेताहरू ओलीकै टिममा अटाएनन्। विष्णु रिमालजस्ता बफादार 'नेता' उपमहासचिवमा पराजित भए। अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवालीजस्ता हस्तीहरू सक्रिय राजनीतिबाट घोषणाका साथ पन्छिए। त्यसैले एमाले महाधिवेशनबाट तेस्रोपटक अध्यक्ष निर्वाचित ओलीको हैसियत र सामर्थ्य देखेपछि एमालेसँग सत्ता गठबन्धन गर्न रुचाउने कांग्रेसको एउटा पक्षको लागि यो महाधिवेशनले पुनर्विचार गर्न सुझाएको छ।

यसपटक ओलीले अध्यक्ष निर्वाचित हुन अनेकौं तिकडम लगाउनुपऱ्यो। जेनजी आन्दोलनको पूर्वसन्ध्या (भदौ २२) मा सम्पन्न एमालेको विधान महाधिवेशनद्वारा टुगो लगाइसकेको पार्टी विधानलाई तीन महिनामै महाधिवेशनका बीच अचानक, विधानको सर्वोच्च पालनकर्ता अध्यक्षले नै आफ्नो स्वार्थअनुकूल संशोधन गर्नु, हिजोसम्म आफ्नो लागि अनेकौं संकट, समस्या र चुनौतीको घडीमा पहराको सतीसाल झैं अडिग र सशक्त रूपमा आफूलाई काँध हाल्ने, सुख-दुःखका साथीहरू आफूबाट टाढा हुनु वा तिनले धुरुक्क रुनुपर्ने नौवतमा पुऱ्याउनु, आफूसँग निर्वाचन प्रतिस्पर्धा गर्न लागेकाहरूलाई धम्क्याएर जबरजस्ती भए पनि भरसक आफू निर्विरोध र सर्वसम्मत हुने प्रयास गरिहेर्नु उनका लागि श्रेयस्कर घटना होइनन्।

पार्टीको गरिमा, प्रतिष्ठा र न्यायपूर्ण वातावरण बनाउन सर्वोच्च संरक्षक पदाधिकारीका लागि यस्ता तिकडम श्रेयस्कर नभएर अनैतिक र लज्जास्पद हर्कत हो। अघिल्लो (१०औँ) महाधिवेशनमा ओलीका विरुद्ध अध्यक्षमा प्रतिस्पर्धा गर्न ठुलै हिम्मत बटुल्नुपरेका भीम रावलले ओलीले पाएको मतको तुलनामा १० प्रतिशत मत मात्र पाएका थिए। हालैको महाधिवेशनमा प्रतिष्पर्धी ईश्वर पोखरेलले एकतिहाइ मत पाए भने आफ्नो 'टिम' का दुई जनाले पदाधिकारीमा जिते। अब ईश्वरहरूले भीमको नियति भोग्नुपर्ने वा नपर्नेबारे परिस्थितिले बताउला।

एमाले नेतृत्वको पृष्ठभूमिमा अनेक घात-प्रतिघात, छिर्के लगाइ, हानथाप र फोहोरी खेलको इतिहास पाइन्छ। प्रतिबन्धकाल (२०३९) मा तत्कालीन नेकपा-मालेका संस्थापक महासचिव सिपी मैनालीलाई झलनाथ खनालले अपदस्थ गरे, मैनालीलाई पार्टीको प्रवास कमिटीको इन्चार्ज बनाएर देशभित्र बस्न नपाउने सर्तमा आसामतिर पठाइयो। 'अर्जुनदृष्टि' शीर्षकमा कविता लेखेका 'पारुहाङ' को छद्मनामले पनि चिनिने 'कमरेड जेएन' महासचिव बने। माधव नेपाल एमालेको महासचिव रहेको बेला ओलीलाई पार्टीभित्र क्रमशः सिमान्तीकृत गर्दै भित्तैमा पुऱ्याइदिएका थिए। ओली नेतृत्वमा आएपछि माधवलाई पार्टी नै छाडेर निस्कन बाध्य बनाए। आफूसँग पार्टी अध्यक्ष पदका लागि प्रतिष्पर्धा गर्ने भीम रावललाई पनि पार्टीभित्र हदैसम्म उपेक्षा र तिरस्कारको व्यवहार गरेर एमाले छोड्न बाध्य बनाए। महाधिवेशन सकिएपछि सपथग्रहणमा पराजित पक्षलाई आमन्त्रण नगर्नु, पार्टी केन्द्रीय समितिको पहिलो बैठकमा अध्यक्ष स्वयंले हुकुमी शैलीमा सहभागीहरूको मोबाइल बन्द गर्न आदेश जारी गर्नु, भदौ २३ र २४ को घटनाबारे बयान दिन बोलाउने सरकारले आफूलाई छुने मात्र कोसिस गरे देश नै ठप्प पार्ने धम्की दिनुले उनी झन् निरंकुश तानाशाह हुन खोजेका लक्षण देखा पर्दैछन्।




श्री ५ ज्ञानेन्द्रको शासकीय सक्रियताको बेला धेरै एमाले नेताहरू मन्त्री वा राजदूत बने। राधाकृष्ण मैनाली, कमल चौंलागाईं, सलिम मिया अन्सारी, देवीप्रसाद ओझा तथा गोल्छे सार्की मन्त्री भए भने हिरण्यलाल श्रेष्ठ रूसका राजदूत भए। 'एमालेका नेल्सन मण्डेला' भनिएका मोहनचन्द्र अधिकारी, बरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितलगायत यज्ञराज नेउपाने, प्रेमबहादुर सिंह, दत्तबहादुर रोकाया, ममता झा, मदन ढुंगेल, चक्रबहादुर फडेराले राजाका कदमको मुग्धकण्ठले समर्थन गरेकै हुन्। वामदेव गौतम र ईश्वर पोखरेलले दरबारबाट कुनै जिम्मेवारी बक्स भए माओवादीका धेरै कुरा हामीलाई थाहा छ, उनीहरूलाई तह लगाउन हामी सक्छौं भनी जानकारी गराएको यथार्थ तत्कालीन दरबारका सैनिकसचिव रहिसकेका विवेककुमार शाहले आफ्नो संस्मरण 'मैले देखेको दरबार'मा उल्लेख गरेका छन्, 'यसैबीच एमाले नेताहरू केपी शर्मा ओली र वामदेव गौतम देशमा शान्ति स्थापना गर्न र राष्ट्रहितका लागि महाराजाधिराज सरकारलाई सहयोग गर्न तत्पर रहेको स्पष्ट भएको छ। विभिन्न माध्यमबाट यसका निम्ति कोसिस भइरहेको थियो। अब सफलता मिल्ने संकेत छ'(मैले देखेको दरबार, प्रथम संस्करण, पृ. ४५६)।

मुलुक अब कता जाला भन्ने वर्तमान चिन्ताको साझा प्रश्न हो। दलहरू आफैँ अन्यौलग्रस्त छन्। प्रतिनिधिसभाको निर्वाचन गराउने म्याद अब साढे दुई महिना पनि बाँकी नरहेको अवधिमा चुनाव हुँदैन कि भन्ने राष्ट्रपतिलाई समेत तत्त्वज्ञान रहेको, उहाँका पछिल्ला वाणीमा निहित आसयबाट बुझियो। मुलुकले खोजेको नेतृत्व राजनीतिक वृत्तमै देखिँदैन, त्यसैले देश तानातानबाट घाइते सिकारजस्तो छटपटीग्रस्त छ। सबै काम एकातिर थन्क्याएर छाडा ढंगले फोहोरी राजनीतिमा रमाउने गर्दा संक्रमणकाल संकटकाल बन्दै छ। अतः सर्वप्रथम जनतासमक्ष र राष्ट्रिय शक्तिहरूका साथ विश्वासको वातावरण बनाउने कर्तव्य दलहरूकै हो। सम्पूर्ण राष्ट्रिय शक्तिहरूका साथ सम्मान, समानता र सहमतिका आधारमा बन्नसक्ने विश्वासको वातावरणमा मात्र मुलुकका जल्दाबल्दा समस्यालाई दिगो समाधान दिन सकिने यथार्थ आजको मूलमन्त्र हो। देशलाई सधैँभरि अस्तव्यस्त र दुर्दशामा छोडेर राजनीतिक लेनदेनको कचिंगलमा समय खेर फालिरहेका राजनीतिक पार्टीहरूले राजसंस्था पक्षधर शक्तिसँग मुलुक र प्रजातन्त्रको हितका लागि सहमति र सहकार्य नगरी विकल्प छैन।

सशक्त राष्ट्रिय एकता भएको मुलुक गरिबै भए पनि उसको भूमिका र आवाजमा दम हुन्छ। किनकि त्यसमा राष्ट्रभक्ति र आत्मशक्तिले काम गर्छ। अन्तर्राष्ट्रिय जगतमा नेपालको भूमिका शून्यप्रायः र आवाज नसुनिने अवस्थामा पुगेको छ। जतिसुकै 'परिवर्तन' 'गणतन्त्र नेपाल', 'धर्मनिरपेक्ष मुलुक' भनेर फुटानीका नारा लगाए पनि विदेशीले 'एसियामा अर्को अफगानिस्तान' का रूपमा हामीलाई हेरिरहेका छन्, जसले हरेक शासकीय प्रयासमा असफलता मात्र देखाइरहेको छ। यस्तो अवस्थाको अन्त्य गरेर नेपाललाई २१औँ शताब्दी अनुकूलको कुशल नेतृत्व दिने स्रोत राजनीतिक दलहरू नै हुन्। हराएको जनविश्वासबीच खोजिएको 'सहमति' नेपाली राजनीतिको कठोर विशेषता हो, र एमाले यस्तो वातावरणको अगुवा सहभागी हो। सच्चा र कुशल नेतृत्वले कुनै पनि राष्ट्रिय शक्ति र देशभक्तहरूलाई निषेध र वञ्चित गरेर राष्ट्रिय संकल्प र लक्ष्य हासिल हुँदैन भन्ने स्वतःसिद्ध वास्तविकतालाई कहिल्यै बिर्सँदैन। राजसंस्था पुनःस्थापना पक्षधर देशभक्त राष्ट्रिय शक्तिलाई प्रमुख दलहरूले आजसम्म निषेध र उपेक्षाको व्यवहार अपनाइरहेका छन्। अब सधैँभरि यस्तो चल्ने छैन। राष्ट्रिय शक्तिहरूबीच समझदारीपूर्ण सहअस्तित्व र सहकार्य नै राष्ट्रिय एकताको अनिवार्य आधार हो। आशा गरौं, सबै राष्ट्रिय शक्तिसँग हेलमेल र सहअस्तित्वको भावनाका साथ जिम्मेवारीपूर्वक अग्रसर हुनुपर्ने राष्ट्रिय आवश्यकतालाई भर्खरै महाधिवेशन सम्पन्न गरेको ने.क.पा (एमाले) को नेतृत्वले उपेक्षा नगर्नुपर्ने हो!

# सुदूरपश्चिममा निःशुल्क र अनिवार्य शिक्षाको अवस्था



उत्तर बिष्ट

> विद्यालय भर्ना दर बढे पनि सिकाइ उपलब्धि सन्तोषजनक नदेखिएको गुनासो व्यापक छ। डडेल्धुराका २ वटा पालिकामा गरिएको अध्ययनले यहाँको शिक्षा शाखामार्फत शिक्षा सम्बन्धीका तथ्यांक संकलनका कामहरू गर्ने तयारी गरेको मात्रै देखिएको छ।

नेपालको संघीय शासन व्यवस्थाअनुसार राज्यशक्तिको पुनर्संरचनासँगै शिक्षा क्षेत्रको ठुलो जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। विद्यालय शिक्षा, विशेषतः आधारभूत तहको शिक्षा स्थानीय सरकारको प्रत्यक्ष दायित्वको विषय बनेको छ। यस सन्दर्भमा निःशुल्क र अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयन स्थानीय तहको क्षमता, प्रतिबद्धता र व्यवस्थापनसँग गहिरोसँग जोडिएको छ।

यद्यपि कानुनी तथा नीतिगत रूपमा शिक्षालाई उच्च प्राथमिकता दिइए पनि व्यावहारिक कार्यान्वयनमा विविध चुनौतीहरू देखा परिरहेका छन्। कतिपय क्षेत्रमा उल्लेखनीय प्रगति देखिए पनि कतिपय स्थानमा विद्यालय बाहिर रहेका बालबालिका, गुणस्तरको अभाव र स्रोत-साधनको कमी अझै पनि गम्भीर समस्या बनेका छन्। यस लेखमा डडेल्धुरा जिल्लाका स्थानीय तह विशेष गरी नवदुर्गा र भागेश्वर गाउँपलिकामा निःशुल्क र अनिवार्य शिक्षाको कानुनी आधार, कार्यान्वयनको वर्तमान अवस्था तथा देखापरेका प्रमुख चुनौतीहरूको समग्र विश्लेषण गरिएको छ।

शिक्षा मानव विकासको आधारभूत आधारस्तम्भ हो। शिक्षित नागरिकबिनाको समाज समुन्नत, समावेशी र लोकतान्त्रिक बन्न सक्दैन। यही यथार्थलाई आत्मसात् गर्दै नेपालले शिक्षालाई मौलिक हकको रूपमा संविधानमा सुनिश्चित गरेको छ। विशेषतः बालबालिकाको आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य हुनु सामाजिक न्याय, समान अवसर र दिगो विकासका लागि अपरिहार्य मानिन्छ।

नेपालमा निःशुल्क र अनिवार्य शिक्षाको कानुनी आधार संविधानदेखि विभिन्न ऐन, नियमावली र नीतिमा उल्लेख गरेको पाइन्छ। नेपालको संविधानले विद्यालय शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ। संविधानको धारा ३१ मा आधारभूत तह (कक्षा १-८ सम्म) को शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यसले राज्यलाई सबै बालबालिकालाई विद्यालयसम्म ल्याउने संवैधानिक दायित्व सुम्पिएको छ।

संवैधानिक व्यवस्था कार्यान्वयनका लागि २०७५ सालमा निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन आएको थियो भने अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ मा जारी भएको थियो। यसैगरी, शिक्षा ऐन, शिक्षा नियमावली, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन र अनुगमनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई तोकेको छ।

स्थानीय तहले विद्यालय स्थापना, सञ्चालन, शिक्षक व्यवस्थापन, छात्रवृत्ति वितरण, विद्यालय नक्सांकन तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले विशेष रूपमा सबै बालबालिकालाई तोकिएको उमेर समूहमा विद्यालयमा भर्ना गराई अध्ययन पूरा गराउने दायित्व अभिभावक र स्थानीयतहलाई दिएको छ। यस ऐनअनुसार विद्यालय भर्ना नगराउने वा बीचमै पढाइ छोड्न बाध्य पार्ने कार्य दण्डनीय मानिएको छ।

नीतिगत रूपमा विद्यालय शिक्षा क्षेत्र योजना, स्थानीयतह शिक्षा योजना, तथा समावेशी शिक्षा, लैंगिक समानता र अपांगता समावेशी नीतिहरूले निःशुल्क र अनिवार्य शिक्षालाई व्यवहारमा उतार्ने मार्गचित्र प्रदान गरेका छन्। कानुनी हिसाबले हेर्दा नेपालमा यससम्बन्धी प्रावधान पर्याप्त देखिए पनि चुनौती मुख्यतः कार्यान्वयन तहमा केन्द्रित छन्।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा १९ मा सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि २०८५ वैशाख १ पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि सरकारी सेवा वा कुनै संस्थाको सेवामा प्रवेश गर्न, कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा रोजगारी प्राप्त गर्न, कुनै पनि कम्पनी, फर्म, सहकारी वा संस्थाको संस्थापन गर्न, सेयरधनी हुन, सञ्चालक वा पदाधिकारी हुन योग्य नहुने प्रावधान रहेको छ।

संघीय संरचनापछि स्थानीय तहमा निःशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनमा केही सकारात्मक परिवर्तन देखिएका छन्। धेरै स्थानीयतहहरूले विद्यालय भर्ना अभियान सञ्चालन गरेका छन्, विद्यालय पोसाक, पाठ्यपुस्तक र छात्रवृत्ति वितरणलाई प्राथमिकता दिएका छन्। विशेषतः दलित, जनजाति, अपांगता भएका बालबालिका तथा आर्थिक रूपमा विपन्न परिवारका लागि लक्षित कार्यक्रमहरू विस्तार भएका छन्।

कतिपय स्थानीय तहले 'विद्यालय बाहिर बालबालिका शून्य बनाउने अभियान' सञ्चालन गरी घरदैलो सर्वेक्षण, अभिभावक सचेतना र समुदायको सहभागितामार्फत उल्लेखनीय प्रगति गरेका छन्। बालमैत्री विद्यालय, दिवाखाजा कार्यक्रम, छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याड वितरणजस्ता कार्यक्रमहरूले विद्यालयमा टिकाइ बढाउन सहयोग पुऱ्याएका छन्।

तर समग्र रूपमा हेर्दा कार्यान्वयन अवस्था समान छैन। सहरी र ग्रामीण, दुर्गम र सुगम क्षेत्रबीच ठुलो अन्तर देखिन्छ। दुर्गम भेगका स्थानीय तहमा विद्यालयसम्म पहुँच कठिन, शिक्षक अभाव र भौतिक पूर्वाधार कमजोर रहेको पाइन्छ। कतिपय विद्यालयमा कक्षाकोठा, शौचालय, खानेपानी र सिकाइ सामग्रीको अभाव छ। निःशुल्क शिक्षा घोषणा गरिए पनि व्यवहारमा अभिभावकले परीक्षा शुल्क, अतिरिक्त गतिविधि शुल्क, पोसाक वा स्टेसनरी खर्च बेहोर्नुपर्ने अवस्था कतिपय ठाउँमा अझै कायम छ। यसले गरिब परिवारका बालबालिकालाई विद्यालयबाट बाहिरिने जोखिम बढाएको छ।

गुणस्तरको दृष्टिले पनि चुनौती देखिन्छ। शिक्षक तालिम, सिकाइ विधि, विद्यार्थी-शिक्षक अनुपात र मूल्यांकन प्रणाली अपेक्षित स्तरमा सुधार हुन सकेको छैन। त्यसैले विद्यालय भर्ना दर बढे पनि सिकाइ उपलब्धि सन्तोषजनक नदेखिएको गुनासो व्यापक छ। डडेल्धुराका २ वटा पालिकामा गरिएको अध्ययनले यहाँको शिक्षा शाखामार्फत शिक्षा सम्बन्धीका तथ्यांक संकलनका कामहरू गर्ने तयारी गरेको मात्रै देखिएको छ। विद्यालय शिक्षामा पालिकाभित्र रहेका सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्नका लागि तथ्यांक आवश्यक हुने भएकाले सोहीअनुसार कार्यक्रम तय गरिएका छन्।

पालिकास्तरीय शिक्षा समितिको बैठकमार्फत संघीय, प्रदेश तथा स्थानीय तहले सञ्चालन गरिरहेका कार्यक्रमका साथै विद्यार्थी भर्ना, विद्यालय छोड्ने र दाहोऱ्याउनाले बालबालिकाको तथ्यांकसमेत संकलनका लागि प्रयास सुरु गरिएका छन्।

२०७८ सालको जनगणनाअनुसार मुलुकभर आधारभूत उमेर (५-१२ वर्ष उमेर) को कुल जनसंख्या ४५ लाख ११ हजार २३० छ। जसमध्ये उक्त उमेर समूहका ३ प्रतिशत अर्थात २ लाख १२ हजार ७२ जना बालबालिका विद्यालयबाहिर रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्यांकमा जनाएको छ।

### चुनौतीहरू

स्थानीय तहमा निःशुल्क र अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरू बहुआयामिक छन्।

**१. स्रोत-साधनको अभाव :**

निःशुल्क र अनिवार्य शिक्षा स्थानीय तहहरूको लागि प्रमुख चुनौतीको विषय हो। धेरै स्थानीय तहको आन्तरिक आम्दानी कमजोर भएकाले विद्यालय पूर्वाधार, शिक्षक व्यवस्थापन र गुणस्तर सुधारमा आवश्यक लगानी गर्न कठिन भइरहेको छ। संघ र प्रदेशबाट प्राप्त अनुदान पर्याप्त र समयमै नआउँदा कार्यक्रम प्रभावित हुने गरेका छन्। शिक्षा क्षेत्रको विकासका लागि तिनै तहका सरकारको शिक्षा क्षेत्रमा लगानी बढाउनुपर्ने देखिन्छ।

**२) प्रशासनिक र प्राविधिक क्षमता कमजोर :**

निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका लागि प्रशासनिक र प्राविधिक क्षमता कमजोर हुनु अर्को चुनौती हो। शिक्षा योजना निर्माण, तथ्यांक व्यवस्थापन, अनुगमन र मूल्यांकनमा दक्ष जनशक्तिको अभाव स्थानीय तहमा स्पष्ट देखिन्छ। यसले नीतिगत व्यवस्था व्यवहारमा उतार्न अवरोध सिर्जना गरेको छ।

**३) सामाजिक-सांस्कृतिक कारणहरू :**

निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका लागि सामाजिक-सांस्कृतिक कारणहरू पनि चुनौतीका रूपमा रहेका छन्। बालश्रम, बालविवाह, गरिबी, अभिभावकको न्यून शैक्षिक चेतना र श्रम बजारप्रतिको आकर्षणका कारण धेरै बालबालिका विद्यालय बाहिर वा बीचमै पढाइ छोड्न बाध्य छन्। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन चुनौती रहेको छ भने बीचमै छोडेर जानेहरू फेरि विद्यालय फर्किन निकै चुनौतीको विषय बनेको छ।

**४. गुणस्तरीय शिक्षाको सुनिश्चितता :**

निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता अर्को गम्भीर चुनौती हो। निःशुल्क र अनिवार्य शिक्षा केबल विद्यालय भर्नासम्म सीमित नभई प्रभावकारी सिकाइसँग जोडिनुपर्ने भए पनि शिक्षण-सिकाइ प्रक्रिया अझै पनि पाठ्यपुस्तक केन्द्रित र परीक्षामुखी छ। यसले विद्यार्थीको सीप, सृजनशीलता र जीवनोपयोगी ज्ञान विकासमा अपेक्षित परिणाम दिन सकेको छैन।

**५. समन्वयको कमी :**

निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका लागि समन्वयको कमी पनि समस्याको रूपमा देखिन्छ। संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिकाबोध र प्रभावकारी समन्वय नहुँदा नीति र कार्यक्रम दोहोरिने वा अपुरो हुने अवस्था सिर्जना भएको छ। स्थानीय तहदेखि प्रदेश र संघ सरकारको समन्वयका साथै स्थानीय सरकारहरूको एक अर्कोमा समेत समन्वय हुनु आवश्यक रहेको देखिन्छ।

### निष्कर्ष :

निःशुल्क र अनिवार्य शिक्षा नेपालको संवैधानिक प्रतिबद्धता मात्र होइन, सामाजिक न्याय र राष्ट्रिय विकासको आधार पनि हो। संघीय संरचनामा स्थानीय तह यस कार्यको केन्द्रबिन्दुमा रहेको छ। हालसम्म भएका प्रयासहरूले केही सकारात्मक परिणाम देखाए पनि कार्यान्वयन अझै चुनौतीपूर्ण छ।

सरकारका कानुनी प्रावधानहरूले एकातर्फ निर्देशित गरिरहेका हुन्छन् भने अर्कोतर्फ व्यावहारिक रूपमा देखिने समस्याहरूले ती कानुनी प्रावधानहरूको कार्यान्वयन फितलो बनाएको हुन्छ। आगामी दिनमा पर्याप्त वित्तीय स्रोत सुनिश्चितता, स्थानीय तहको क्षमता विकास, समुदायको सक्रिय सहभागिता, सामाजिक चेतना अभिवृद्धि र गुणस्तरीय शिक्षामा जोड दिन सकेमा मात्र निःशुल्क र अनिवार्य शिक्षाको उद्देश्य सार्थक रूपमा पूरा हुन सक्छ। यसका लागि सरकार, समुदाय, विद्यालय र अभिभावक सबैको साझा प्रयास अनिवार्य छ।

## पुस ८ गतेको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | अचानक कष्ट। | मिथुन | गृह सुख। | सिंह | अपमान। | तुला | असन्तोष। | धनु | अवरोध। | कुम्भ | चिन्ता। |
| वृष | कार्य सुख। | कर्कट | अशान्ति। | कन्या | लाभ। | वृश्चिक | वस्त्र लाभ। | मकर | कार्य सम्पन्न। | मीन | सुख। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# ओलाङचुङगोलामा ब्वाँसोको त्रास



■ सौर्य समाचार

ताप्लेजुङ। जिल्लाको फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोलास्थित हिमाली बस्ती याङ्मामाका पशुपालक किसान बर्सेनि जंगली जनावर ब्वाँसोका कारण पीडित हुँदै आएका छन्। उनीहरूलाई याक र चौरीलाई ब्वाँसोको आक्रमणबाट मरेपछि हरेक वर्ष लाखौंको क्षति बेहोर्नुपरेको छ। यसवर्ष केही दिनअघि याङ्माका लोप्साङ शेर्पा र नाम्ग्या शेर्पाको गोठमा रहेका ३ चौरी ब्वाँसोको आक्रमणबाट मरेका छन्। अन्य पशुपालकसमेतका गरी यसवर्ष हालसम्म ९ चौरी मरेका छन्। फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोलाका वडाअध्यक्ष छेतेन शेर्पाका अनुसार अघिल्लो वर्ष मात्र यस क्षेत्रमा ३० भन्दाबढी चौपाया ब्वाँसोको आक्रमणमा परेर मरेका थिए।

बर्सेनि हुने यस्ता आक्रमणका कारण यहाँका किसानले आर्थिक क्षति बेहोर्नुपरेको छ। एउटा चौरीको मूल्य कम्तीमा ६० हजार रुपैयाँसम्म पर्छ भने चीनको तिब्बत लैजाँदा यसको मूल्य दोब्बर पर्न जान्छ। यसरी ब्वाँसोको आक्रमणबाट बर्सेनि घाटा बेहोर्नुपरे पनि यसको नियन्त्रणतर्फ राज्यले खासै चासो नदिएको स्थानीयवासीको गुनासो छ। राहत उपलब्ध गराइए पनि अत्यन्त न्यून मात्र पाइने गरिएको पशुपालक लोप्साङ शेर्पाको भनाइ छ। ९ घरधुरी मात्र रहेको याङ्माका बासिन्दाको मुख्य पेसा नै पशुपालन हो।

यही पेसाबाट जीविकोपार्जन गर्दै आएका उनीहरूलाई ब्वाँसोको आक्रमणले लामो समयदेखि दुःख दिँदै आएको छ। विशेषगरी जाडोयाममा ब्वाँसोको हुल नै यसक्षेत्रमा आउने गरेका छन्। यहाँका बासिन्दाले वर्षौंदेखि यसैगरी ब्वाँसोबाट सास्ती खेप्नुपरेको छ। यसरी पशुचौपाया मरेका परिवारलाई उचित राहतको प्रबन्ध गर्न न्यून बजेटका कारण समस्या हुने गरेको अध्यक्ष शेर्पाले बताए। बजेट अत्यन्तै कम हुने भएकाले पशुपालकका समस्या उचित रूपमा सम्बोधन गर्न नसकिएको अध्यक्ष शेर्पाको भनाइ छ। संघ, प्रदेश सरकारले नै यसको नियन्त्रण र राहतमा ध्यान दिनुपर्नेमा अध्यक्ष शेर्पाको जोड छ। उक्त ब्वाँसोलाई स्थानीयले च्याङ्ु भनेर चिन्ने गरेका छन्। वर्षातका समयमा भने उक्त ब्वाँसो देखिने गरेको छैन। पशुपालक लोप्साङ शेर्पाका अनुसार वर्षातको समयमा यो जनावर चीनतर्फ जाने वा अन्यत्र कता जान्छ भन्ने यकिन हुँदैन। हिउँ चितुवा जस्तै यस जनावरमा पनि (ट्र्याकिङ उपकरण) जडान गरी यसको आवागमन र आचरणबारे अध्ययन गर्न सकिएमा प्रभावकारी हुने अध्यक्ष छेतेन शेर्पाले सुझाव दिए।

## चुनाव र पुनर्स्थापना...

८८ सदस्यीय कांग्रेस संसदीय दलमा ६६ सदस्यले पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गरेपछि गगन-विश्व तथा शेखर पक्ष स्पष्ट अल्पमतमा परेको छ। अंकगणितीय रूपमा सो पक्षलाई दबाबमा राख्दै प्रतिनिधिसभा पुनर्स्थापनाको आफ्नो इन्ट्रेस्ट पूरा गराउन संस्थापन पक्ष भित्रभित्रै सक्रिय भइरहेको छ। संसदीय दलभित्र पुनर्स्थापनाको कित्ता बलियो भएसँगै २१ फागुनको चुनावमा जानुपर्ने कांग्रेस निर्णयमाथि पुनर्विचार हुन सक्ने पनि कांग्रेसभित्र चर्चा छ। यद्यपि, केन्द्रीय सदस्य पुष्पा भुसाल पार्टी चुनावकै तयारीमा रहेको बताउँछिन्। चुनाव पहिलो र प्रतिनिधिसभा पुनर्स्थापना दोस्रो प्राथमिकतामा रहेको उनको भनाइ छ। सरकारलाई समयमै चुनाव गराउन दबाब दिनकै लागि पुनर्स्थापनाको माग गरिएको उनले बताइन्। 'पुनर्स्थापनाभन्दा हाम्रो प्राथमिकता चुनाव हो,' उनले भनिन्, 'पुनर्स्थापनाको माग गर्नु समयमै चुनाव गराउन सरकारलाई दबाब पनि हो। सरकार चुनाव गराउने तयारीमा लागोस् भन्ने हो।'

यता, केन्द्रीय समितिमा चुनावको पक्षमा निर्णय गराउन सफल महामन्त्रीद्वय र इतर पक्ष भने कुनै पनि हालतमा चुनावमा जानुपर्नेमा अडिग छ। सोमबार काठमाडौं क्षेत्र-६ का कार्यकर्तालाई सम्बोधन गर्दै महामन्त्री थापाले संविधानलाई सही दिशामा ल्याउने प्रमुख जिम्मेवारी कांग्रेसको भएको भन्दै २१ फागुनमा निर्वाचन हुने दाबी गरे। उनले सो दिनमा निर्वाचन नभए देश अनिश्चिततातर्फ धकेलिने उल्लेख गरे। 'संविधानलाई सही दिशामा ल्याउन फागुन २१ मा निर्वाचन हुन्छ। संविधानलाई सही दिशामा ल्याउने प्रमुख जिम्मेवारी कांग्रेसको हो,' उनले भने, '२१ फागुनमा निर्वाचन नभए देश अनिश्चिततातर्फ फर्किन्छ।'

कांग्रेस नेता राजेन्द्र बजगाईंले पार्टीभित्र 'पुनर्स्थापना होइन' भन्नेहरू पनि शंकाको घेरामा रहेका बताए। उनीहरूको गतिविधि र पृष्ठभूमि पूर्ण रूपमा पारदर्शी र विश्वसनीय नभएको बजगाईंको भनाइ छ। सुशीला कार्की नेतृत्वको सरकारले चुनावको मात्रै नभई सुशासनको पनि जनादेश पाएको भन्दै सरकारले बाटो बिराएको पनि उनको तर्क छ। उनले कांग्रेस चुनावसँग डराएर द्विविधामा परेको बताए। 'निर्वाचनमा दलहरू आफैं आफ्नै घेरामा परेर पराजित हुने अवस्था नआउला भन्न सकिन्न। यही कारण कांग्रेस गहिरो द्विविधामा छ,' उनले भने।

**महाधिवेशन धकेलिने निश्चित**

२८ असोजदेखि १५ मंसिरसम्म बसेको केन्द्रीय समिति बैठकले लामो रस्साकस्सीका बीच आगामी पुस २७-२९ मा १५औं महाधिवेशन गर्ने निर्णय गरेको छ। १४औं महाधिवेशनका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले २९ भदौमा विशेष अधिवेशन माग गरेका थिए। नियमित महाधिवेशन गर्न नसके विधानतः २९ पुसभित्रै विशेष महाधिवेशन गर्नुपर्ने बाध्यतामा कांग्रेस थियो। नियमित कि विशेष भन्ने खिचातानीबीच तोकिएको मितिमा महाधिवेशन नहुने करिब निश्चित देखिएको छ। क्रियाशील सदस्यतामा भएको कतिपय ठाउँको विवाद टुंगिइनसकेको, करिब ४ लाख नयाँ क्रियाशील सदस्यताको फारममा क्रमसंख्या नभएका कारण नयाँ फारम पठाइएको, सदस्यता वितरणमा ढिलाइ भएको लगायत कारण पनि निश्चित समयमा महाधिवेशन हुन नसक्ने नेताहरूले बताएका छन्। केन्द्रीय सदस्य गुरु बरालले महामन्त्री गगन थापा नेतृत्वको सदस्यता व्यवस्थापन समितिले पुरानो सदस्यता नवीकरण र नयाँ सदस्यता वितरणको कुरामा त्रुटि र गाम्भीर्य नदेखाउँदा ढिलो हुन गएको बताए। निर्धारित समयमा महाधिवेशन नभए पनि धेरै टाढा नजाने उनको भनाइ छ। '२७ पुसमै महाधिवेशन हुन्छ भन्नु झुट हो। तर, धेरै समय टार्ने पक्षमा छैनौं र त्यो सम्भावना पनि छैन।'

**पुनर्स्थापना नभए चुनाव हुन नदिने उपाय खोज्दै देउवा–ओली**

प्रतिनिधिसभा पुनर्स्थापना नभए २१ फागुनमा तोकिएको निर्वाचन हुन नदिने रणनीतिमा कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओली लागेको विश्वस्त स्रोत बताउँछ। पुनर्स्थापनाका लागि देउवालाई मनाउन पटक-पटक ओलीले भेट गरिरहेका छन्। सोमबार पनि देउवालाई भेट्न ओली देउवा निवास महाराजगन्ज पुगेका थिए। महासचिव शंकर पोखरेललाई लिएर पुगेका ओलीले देउवासँगै आरजु राणासँग छलफल गरे। प्रतिनिधि पुनर्स्थापनाका लागि बहुमत सांसदको हस्ताक्षर संकलनपछि भएको उनीहरूको यस भेटलाई सोही प्रकरणका लागि भावी रणनीति बनाउन भएको नेताहरूको विश्लेषण छ। यसअघि २९ मंसिरमा जेनजी आन्दोलनपछि उनीहरूको पहिलो भेट भएको थियो। सो भेटपछि ओलीले केही नयाँ हुने भन्दै संकेत गरेका थिए भने कांग्रेसका केही सांसदले सोही भेटपछि सर्वोच्चमा रिट दिएका थिए। एमालेका एक नेताले देउवा प्रतिनिधिसभा पुनर्स्थापनाका लागि संस्थागत रूपमा कदम चाल्न तयार देखिएका छन्। उनले ओलीसँग पनि सो विषयमा प्रतिबद्धता जनाइसकेको बताइएको छ।

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### डडेल्धुरा अस्पताल, डडेल्धुरा

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

(पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/०९/०८)

आ.व. २०८२/८३ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Autoclave Machine खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**

---

### हाट बजार लि.को साधारणसभा सम्बन्धी सूचना

**कम्पनी रजिष्टर्ड कार्यालय .लि द. नः ३४०६२०**

यही मिति २०८२ साल पौष २७ गते आइतबारका दिन यस हाटबजार लि.को वार्षिक साधारण सभा तपशिलको मिति र स्थानमा हुने भएकाले सबै शेयरधनीहरुलाई अनिवार्य उपस्थितिको लागि सुचित गरिएको छ। सो सूचना नपुगेको भएमा समेत यसै सूचनालाई आधार मानी उपस्थित हुनको लागि हार्दिक अनुरोध छ।

**मिति** : २०८२ साल पौष २७ गते आइतबार
**समय**: बिहानको ११ बजे
**स्थान**: कम्पनी रजिष्टर्डको कार्यालय नागार्जुन न.पा. १ काठमाण्डौं।

**साधारणसभामा छलफलका विषयहरु:**

1. **साधारण प्रस्ताव**
   1. कम्पनीका अध्यक्षको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
   2. आर्थिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
   3. आ.व. २०८२/८३ को अडिटर नियुक्ति सम्बन्धमा
   4. सञ्चालक सदस्यको राजिनामा स्वीकृत र नयाँ सञ्चालक नियुक्ति सम्बन्धमा।
   5. कम्पनिको कार्यालय स्थान्तरण गर्ने सम्बन्धमा।
   6. विविध।
2. **विशेष प्रस्तावहरु**
   1. प्रवन्ध-पत्र तथा नियमावली संसोधन सम्बन्धमा।

रामराजा आचार्य
सञ्चालक अध्यक्ष

---

### अपर सेती हाईड्रो लि

**१० औं वार्षिक साधारण सभा सम्बन्धी सुचना**

अपर सेती हाईड्रो लि (लि.न.३३९२७१) ले मिति २०८२/०९/७ गते दिउसो ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको १०औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान, र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**१० औ वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

मिति : २०८२/०९/२९ बुधवार (January 13, 2026)
समय : बिहान ठिक ११ : ०० बजे।
स्थान : काठमाण्डौ-३२, काठमाण्डौ।

**१० औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) साधारण प्रस्तावः**

१. संचालक समितिको अध्यक्ष ज्यूको तर्फ बाट आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१।०८२, को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसूची समेत) पारित गर्ने सम्बन्धमा।
३. आ.व.०८२/०८३ को लेखा परिक्षण कार्यको लागी लेखा परीक्षक नियुक्ति एवं निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समितिको चयन सम्बन्धमा।

**ख) विविध :**

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)

---

### साँगुरीगढी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**भेडेटार, धनकुटा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२।०९।०८**

यस गाउँपालिकाद्वारा मिति २०८२/०७/२६ (12th Nov, 2025) गते राष्ट्रिय पत्रिकामा प्राकाशित सूचना बमोजिम Construction of Dadabazar Yakchana Sadak (Maden to Kusetar Section ) Works. सम्बन्धीको लागि पेश हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि. नं | ठेक्का नम्बर | कामको विवरण तथा निर्माण स्थल | छनौट भएको फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/NCB/ Works/2082/083-05 | Construction of Dadabazar Yakchana Sadak (Maden to Kusetar Section ) Works. | श्री नारायाण बुद्ब कन्स्ट्रक्सन, धनकुटा-१, धनकुटा। | रु.१,१३,७९,५२४.८७ (मु.अ.कर र प्रोभिजनल सम सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

### Duhabi Municipality
**Office of the Municipal Executive**
**Duhabi, Sunsari**

**Invitation for Online Bids**

**Date Of Publication: 2082/09/08 (2025/Dec/23)**

1. Duhabi Municipality invites bids for theSupply & Delivery of Laboratory Chemical, X-ray, Ultrasound, ECG Material & Medical accessories for Duhabi Municipality under National competitive bidding.

| SN | Description of Works | Contract Identification No. | Estimated cost with VAT | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1 | Supply & Delivery of Laboratory Chemical, X-ray, Ultrasound, ECG Material & Medical accessories. | DM/NCB/ GOODS/2082/83-11 | 5265810.68 | 132000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information from Office of Duhabi Municipality, Duhabi Sunsari, Telephone number 025- 540024, website : www.duhabimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

---

### Shikhar Municipality
**Office of the Municipal Executive**
**Talkot, Doti**

**Notice of Intention to Award The Contract**

**Date of publication: 2082/09/08**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in National Daily (In Different Dated Fy 2082/083) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. N. | Contract No. | Description of Works | Name and Address of The Successful Bidder | Accepted Bid Amount WITHOUT VAT And P.S (NRS.) |
|---|---|---|---|---|
| 1. | SMDOTI/NCB/W/ 02/2082/083 | Construction of Harihar Secondary School Building Shikhar,6, Doti | New Nabdurga Ganyapdhura Nirman Sewa. Nabdurga RM-3 Dadeldhura | 48,45,583.00 |
| 2. | SMDOTI/NCB/W/ 03/2082/083 | Construction Works of Kedareshwor Secondary School Hostel Building.Shikhar-01 Doti | Namadeu Nirman Sewa. Kedarsyun-2, Bajhang | 31,00,426.00 |
| 3. | SMDOTI/NCB/W/ 04/2082/083 | Upgrading Works of Bharshakhola- Thapsa Road Shikhar -10 Doti | Sunshine construction and suppliers Ganyapdhura-03, Dadeldhura | 80,53,942.60 |
| 4. | SMDOTI/NCB/W/ 05/2082/083 | Construction Works of Kedareshwor Mandir shikhar -01 Doti | Ronit Nirman Sewa, Ganyapdhura RM-03 Dadeldhura | 13,58,477.50 |

Chief Administrative Officer

## सरकार चुनावप्रति...

**चुनावप्रति सरकार गम्भीर नभएको एमालेको आरोप**

प्रधानमन्त्री कार्कीप्रति पटक-पटक छुद्र अभिव्यक्ति दिएका एमाले सचिव महेश बस्नेत सोमबार प्रधानमन्त्रीले बोलाएको छलफलमा आफैं उपस्थित भए। उनीसँगै महेश बर्तौला पनि छलफलमा थिए। छलफलका क्रममा निर्वाचनप्रति बढी सशंकित एमाले नै देखियो। बस्नेतले त चुनावप्रति सरकार गम्भीर नरहेको आरोपसमेत लगाए। साथै, आन्दोलनका क्रममा आगजनी भएका संरचना पुनर्निर्माण नहुँदासम्म चुनावमा जान सक्ने अवस्था नरहेको उनले बताए। 'राज्यका सम्पत्ति र मेरो घर जलेको छ। मेरो जलेको घर हेर्दै मैले घरदैलोमा जाने हो ?,' बस्नेतले प्रश्न गरे। साथै, उनले शान्ति सुरक्षाको अवस्थाका कारण पनि चुनावको वातावरण नरहेको बताए। त्यस्तै, नेता बर्तौलाले छलफलपछि फागुन २१ मा निर्वाचन हुँदैन र सरकारले गर्दैन भन्ने कुरा औपचारिक रूपमै घोषणा भएको बताए। कानुन संशोधनको विषयमा पनि बर्तौलाले असन्तुष्टि जनाए। उनले भने, 'खेल प्रारम्भ भएको ह्विसल बजिसकेपछि खेलाडीको अनुहार हेर्दै पाइलैपिच्छे सर्वस्वीकार्यताविपरीत नियमहरू अदलबदल हुन सक्दैन।'

**मिलेर अघि बढे समयमै निर्वाचन हुन्छ : प्रधानमन्त्री कार्की**

सर्वपक्षीय छलफलका क्रममा प्रधानमन्त्री सुशीला कार्कीले भने सबैलाई सकारात्मक बनिदिन र निर्वाचन प्रक्रियामा सहभागी भइदिन आह्वान गरिन्। 'युवा पुस्ताले खोजेको परिवर्तन बुझ्नु अहिलेको मुख्य प्राथमिकता हो, जनताले परिवर्तन चाहेका छन्, त्यसैले राजनीतिक दललगायत सबै सच्चिनैपर्छ। रिस मात्र पोखेर मुलुकलाई नै अप्ठ्यारोमा पार्ने काम कसैले नगरौं। हामीसँग भएको समय उपयोग गरेर निर्वाचनमा सहभागी होऔं,' प्रधानमन्त्रीले भनिन्, 'सरकार सम्पूर्ण रूपमा सुरक्षाको वातावरण बनाउन लागिरहेको छ। सबै दलले एकजुट भएर अघि बढे कुनै पनि आतंककारी वा अपराधीले हमला गर्न सक्दैन। मेरो अनुरोध छ, सबै निर्वाचनमा आइदिनुहोस्।'

**प्रधानमन्त्रीसँग 'वान् टू वान्' छलफल चाहन्छन् ओली–देउवा !**

औपचारिक-अनौपचारिक गरी प्रधानमन्त्रीले दलहरूसँग दर्जन पटक छलफल गरिसकेकी छिन्। तर, प्रमुख दलहरू भने प्रधानमन्त्रीले दलका शीर्ष नेतासँग बसेरै छलफल गर्नुपर्ने माग गरिरहेका छन्। विशेष गरी कांग्रेस र एमालेका तर्फबाट यस्तो प्रस्ताव पटक-पटक आइसकेको छ। सोमबारको सर्वपक्षीय छलफलमा पनि कांग्रेस र एमालेका नेताहरूले यो कुरा दोहोर्‍याए। ओली र देउवाको मनसाय प्रस्तुत गर्न ती नेताहरूले यो विषय फेरि दोहोर्‍याएको कतिपय राजनीतिक विश्लेषकहरूको बुझाइ छ। कांग्रेस सहमहामन्त्री महेन्द्र यादवलले मुख्य दलका शीर्ष नेतासँग निर्वाचनबारे छलफल गर्न प्रधानमन्त्रीलाई आग्रह गर्दै एकले अर्कालाई निषेध गरेर निर्वाचनको वातावरण नबन्ने बताए। ' प्रधानमन्त्रीलाई मेरो व्यक्तिगत र पार्टीको आग्रह छ, निर्वाचन सम्पन्न हुने वातावरण निर्माण गर्न मुख्य पार्टीका शीर्ष नेतासँग छलफल गर्नुस्,' सहमहामन्त्री यादवले भने। त्यस्तै, एमाले सचिव महेश बस्नेतले पनि सरकारले दलहरूसँग वान् टू वान् छलफल गर्नुपर्ने बताए। सबैलाई एकै ठाउँमा बोलाएर छलफल गर्दा औपचारिक बहस मात्र हुने भएकाले दलका शीर्ष नेताहरूसँग सरकारले वान् टू वान् छलफल गर्नुपर्ने बताए। यसो गरिए निर्वाचनको वातावरण बनाउन सकिने भन्दै बस्नेतले भने, 'औपचारिक रूपमा दलहरूसँग 'वान् टू वान्' छलफल गर्नुपर्छ।'

**कसले के...**

डिजिटल भोटिङ, अन्तरजिल्ला मतदान, विदेशमा रहेका नेपालीलाई मताधिकार जस्ता विषय जेनजी आन्दोलनको माग रहेको उनीहरूले प्रष्ट पारे।

जेनजी प्रतिनिधि भावना रावतले अन्तरजिल्ला मतदान गर्न सक्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने बताइन्। 'मतदाता नामावली दर्तामा राष्ट्रिय परिचयपत्र प्रयोग गर्ने सन्दर्भमा दलहरू नै असन्तुष्ट रहेको, तर गरे सम्भव छ भनेर हामीले देखाइसक्यौं,' रावतले भनिन्, 'अब निर्वाचनमा विदेश र अन्तरजिल्ला भोटिङको पनि व्यवस्था हुनुपर्छ। यो सम्भव छ, इच्छाशक्ति नभएको मात्र हो।' त्यस्तै, सरकार गठनपछि कसरी काम गर्ने भन्ने सुझावसहित रिपोर्ट दिए पनि त्यसबारे सरकारले कुनै वास्ता नगरेको सागर ढकालले गुनासो पोखे।

**सरकार र निर्वाचनको पक्षमा उभियो रास्वपा**

मिति घोषणा हुँदादेखि नै निर्वाचनको पक्षमा उभिएको रास्वपाले सोमबारको छलफलमा फेरि एक पटक आफ्नो अडान प्रष्ट पारेको छ। तर, सुरक्षा प्रत्याभूतिबारे सरकारले ग्यारेन्टी दिनुपर्ने रास्वपाको माग छ। नेता शिशिर खनालले यसबारे प्रष्ट पार्दै निर्वाचनमा शान्ति सुरक्षाको सवाल प्रमुख विषय रहेकाले शान्ति सुरक्षाको सुनिश्चितता र भयरहित वातावरणमा दल, नेता तथा उम्मेदवारहरूको सहभागिताको ग्यारेन्टीको जिम्मेवारी सरकारले लिनुपर्ने बताए। त्यस्तै, निर्वाचनका लागि गनुपर्ने कानुन संशोधनमा रास्वपा सरकारको साथमा रहेको बताउँदै उनले सरकारले ल्याएको अध्यादेशमा रास्वपाको समर्थन रहेको बताए। 'आवश्यक संशोधनका लागि राजनीतिक दलहरूको प्रतिबद्धता मात्रै चाहिएको भए रास्वपा तयार छ,' खनालले भने।

**नागरिक अगुवाको निराशाजनक ठम्याइ**

छलफलमा सूर्यप्रसाद श्रेष्ठ, कनकमणि दीक्षित, माधवप्रसाद पौडेललगायत नागरिक अगुवा उपस्थित थिए। तर, अधिकांशको अभिव्यक्ति निर्वाचनको सुनिश्चितताभन्दा पनि अशंकाकेन्द्रित देखियो। यसअघि पनि प्रधानमन्त्री कार्कीले नागरिक अगुवाहरूसँग एक पटक छलफल गरेकी थिइन्, त्यसबेला भने सबैजसोले सरकार र सरकारको तयारीबारे दिल खोलेरै प्रशंसा गरेका थिए। तर, सोमबार भने उनीहरू सरकार र निर्वाचनभन्दा पनि कांग्रेस-एमालेतिर ढल्किएको देखियो। नागरिक अगुवा श्रेष्ठले तोकेकै मितिमा निर्वाचन सम्भव नहुने बताउँदै सरकारले राजनीतिक परिचालन, समन्वयसँगै सन्त्रासको वातावरणबाट उन्मुक्ति दिनुपर्ने बताए। त्यस्तै, राधेश्याम अधिकारीले निर्वाचन प्रक्रिया सुरु भइसकेपछि ऐन, कानुन संशोधन गर्न नहुने भन्दै २१ फागुनको निर्वाचन असम्भव रहेको तर्क प्रस्तुत गरे। उनले नेताहरूको स्थानहद हटाउनसमेत माग राखे। माधवप्रसाद पौडेलले पनि निर्वाचनप्रति आशंका राख्दै यदि निर्वाचन सर्वस्वीकार्य भएन भने के हुन्छ ? भन्दै प्रश्न तेर्स्याए भने दीक्षितले चाहिँ आशंकाको संशय यथावत् राख्दै समयमै निर्वाचन गराउनुपर्ने बताए।

**चुनाव धकेल्ने कांग्रेसको प्रयास**

प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा बढी ढल्किएको कांग्रेस पुनर्स्थापना नभएको अवस्थामा निर्वाचन नै सार्न सकिन्छ कि भन्नेमा देखिन्छ। सोमबार नै महामन्त्री गगन थापाको 'महाधिवेशनबिना कांग्रेस चुनावमा जाँदैन' भन्ने अभिव्यक्तिले पनि त्यसलाई बल पुर्‍याएको छ। सोमबारको छलफलमा कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पनि थापाको अभिव्यक्तिमा बल पुग्ने गरी प्रस्ताव राखे। 'निर्वाचन भनेर हुँदैन, निर्वाचनको वातावरण पनि बन्नुपर्‍यो,' यादवले भने। यादवले निर्वाचनका लागि समानुपातिक बन्दसूची पेस गर्ने म्याद थप गर्नसमेत माग गरे। 'समानुपातिकको बन्दसूची बुझाउने समय २-४ दिन सार्नुपर्छ,' उनले भने। तर, सबै दल आयोगको कार्यतालिकाअनुसार नै अघि बढिरहेका बेला कांग्रेसको उक्त प्रस्तावले निर्वाचनको कार्यतालिका नै प्रभावित हुन सक्ने आयोग बताउँछ। 'समानुपातिकको विषयमा अहिले समय माग्नुभयो। पछि हरेक प्रक्रियामा म्याद थप भन्दै गइयो भने कार्यतालिका प्रभावित बन्न सक्छ,' आयोगका एक कर्मचारीले भने।

**एक पटक फेरि 'नो भोट'को...**

निर्वाचनसम्बन्धी मौजुदा कानुन १० वटा छन्। जसमा स्थानीय तहदेखि राष्ट्रपति निर्वाचनसम्मका ऐनहरू छन्। हाल कानुन संशोधनका लागि अध्यादेश मात्र विकल्पमा रहेकाले २१ फागुनको निर्वाचनका लागि प्रतिनिधिसभासँग सम्बन्धित ऐन मात्र संशोधन गर्ने सरकारको तयारी छ। प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक ४ वटा ऐन छन्। जसमा निर्वाचन आयोग ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ छन्। सरकारले अहिले तिनै ४ वटा ऐन आवश्यकताका आधारमा संशोधन गरिरहेको छ। सोमबारको छलफलमा गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले पनि यसबारे जानकारी गराए। विशेष गरी नो भोट र विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न ऐनका कतिपय प्रावधान बाधक छन्। काफ्लेका अनुसार विदेशमा रहेका नेपालीलाई मताधिकार दिन, अन्तरजिल्ला मतदान तथा तथा नो भोटको व्यवस्था गर्न यिनै ऐनहरू संशोधान हुँदै छन्। सर्वोच्च अदालतको फैसला तथा नागरिक स्तरबाट उठेको मागका आधारमा निर्वाचनसम्बन्धी कानुनहरू संशोधन भइरहेको छ। उनका अनुसार विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउन निर्वाचन ऐन, २०७३ र मतदाता नामावली ऐनमा आवश्यक संशोधनसमेत गरिएको छ। मतपत्रमा 'कसैलाई पनि समर्थन नगर्ने' विकल्पसमेत समावेश हुने तथा अन्तरजिल्लाबाट समानुपातिक र प्रत्यक्षतर्फ मतदान गर्न सकिने व्यवस्थासमेत रहने गरी संशोधनको ड्राफ्ट तयार भइसकेको छ।

## हामीले राजनीतिक...

मानवीय क्षतिको मूल्यमा भौतिक संरचना जोगाएको भए पनि फेरि प्रश्न उठ्ने पक्का थियो कि, सेनाले सिंहदरबार जोगाउन जनतालाई किन गोली हान्यो ? सर्वसाधारण व्यक्तिहरूले पनि कठिन परिस्थितिमा सेनाले तत्काल सहयोग र उद्धार गरेको अनुभव सार्वजनिक गरेकै छन्। नेपाली जनताको जीवन रक्षालाई नै पहिलो प्राथमिकता दिएको थियो। भूकम्पजस्तो विपद्का समयमा मानिस घर/सम्पत्ति छाडेर किन खुला ठाउँमा निस्किन्छन् ? यो पनि विचारणीय छ।

**विश्वसनीयताको मेरुदण्ड, नागरिक सरकारको आदेशमा आधारित कार्यप्रणाली**

आन्तरिक दंगा नियन्त्रणमा प्रहरी र सशस्त्र प्रहरी बल नेपाल अग्रपंक्तिमा रहने संवैधानिक व्यवस्था छ। सेना अन्तिम उपायका रूपमा रहन्छ। यही विभाजनले लोकतन्त्रलाई सुरक्षित राख्छ। सोहीअनुसार आवश्यकताको सिद्धान्तले छिटोभन्दा छिटो पहल लिई सेनाले उद्धार, मानवीय सहायता र संवेदनशील स्थानको संरक्षणमा संयमित भूमिका खेलेकै थियो। अप्रत्यासित रूपमा विकसित घटनाक्रममा सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाली सेनाले संकट व्यवस्थापन गरेको कुरामा पर्याप्त सार्वजनिक बहस भएकै छन्। संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरू आइरहेका छन्। सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकांक्षा देखाएको छ। परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व नै हो, जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ। अन्ततः निर्णयको अधिकार कार्यपालिका र सम्माननीय राष्ट्रपतिको नै रह्यो र सेनाले त्यसलाई सम्मान गर्‍यो। यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो।

**पृथ्वीनारायण शाहको तस्बिर : राष्ट्रिय एकताको प्रतीक**

भदौ २४ गते सेना प्रमुखको सन्देशमा पृथ्वीनारायण शाहको तस्बिर देखिनुलाई विभिन्न ढंगबाट आलोचना गरेको देखिन्छ। पृथ्वीनारायण शाह आधुनिक नेपालको निर्माता र राष्ट्रिय एकताको प्रतीक हुन् भन्नेमा कोही पनि सच्चा नेपाली जनताको दुईमत नहोला। राष्ट्र निर्माता कुनै पनि तन्त्र र वादभन्दा माथि रहेको नेपालको ऐतिहासिक पहिचान हुन्। संकटको क्षणमा राष्ट्रिय एकता, सार्वभौमसत्ता र अखण्डताको स्मरण गराउनु कुनै राजनीतिक सन्देश होइन, राष्ट्रिय चेतनाको आह्वान हो। त्यस सन्दर्भमा सेनाको नेतृत्वले एकताको सन्देश दिने प्रयास गर्नु सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कायम गर्नुपर्छ भन्ने सन्देश थियो।

**सेनाको विश्वसनीयता र प्रतिबद्धता**

इतिहासतर्फ फर्केर हेर्दा आजको दिनसम्म नेपाली सेनाले कहिल्यै सत्ता हस्तक्षेप गरेको छैन। बरु, संवैधानिक संक्रमणको समयमा संयम र अनुशासित भई नागरिक सर्वोच्चताको पक्षमा उभिएको छ। इतिहासकालदेखि हालसम्म नेपालमा भएका परिवर्तनहरूलाई सेनाले आत्मसात गर्दै आएको छ। संयुक्त राष्ट्रसंघका शान्ति मिसनहरूमा निरन्तर सहभागी हुँदै फौज खटाउने राष्ट्रहरूको सूचीमा अग्रस्थानमा रहेको नेपाली सेनाले आफ्नो व्यावसायिकता, मानवअधिकारप्रतिको प्रतिबद्धता र अन्तर्राष्ट्रिय विश्वसनीयता प्रमाणित गरेको छ। सेनामा राजनीतिक महत्वाकांक्षा पटक्कै देखिँदैन। तत्कालीन राजनीतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेकोचाहिँ पक्कै हो। सेनामा यदि राजनीतिक महत्वाकांक्षा हुन्थ्यो भने आज हामी यो अवस्थामा हुन्थ्यौं र?

**वर्तमान राष्ट्रिय सुरक्षा र आगामी निर्वाचन**

आज देश निर्वाचनको दिशामा अघि बढिरहेको छ। यस्तो समयमा संस्थागत धैर्य, सुरक्षा संयन्त्रबीच स्पष्ट कार्यविभाजन र सबै निकायका नेतृत्वको जिम्मेवारी महत्वपूर्ण छ। सेनाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्दै संवैधानिक आदेशअनुसार भूमिका निर्वाह गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ। नजिकिँदै गएको निर्वाचनलाई भयरहित ढंगबाट सम्पन्न गर्न आमजनसमुदायसहित सबै एकजुट हुनुपर्छ। अन्त्यमा, गत भदौ २३-२४ गतेको जटिल परिस्थितिमा सेनालगायत सबै सुरक्षा निकायको भूमिकाको सन्दर्भमा नागरिक वृत्तमा सकारात्मक छलफल तथा बहस गरी सुझाव दिनुलाई राम्रै मान्नुपर्छ। सोहीअनुसार सेनाले आन्तरिक रूपमा उक्त कार्य गरेकै छ। यद्यपि परिस्थितिको सतहीभन्दा वस्तुपरक ढंगबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ। संकटको समयमा राष्ट्रिय सुरक्षाका अंगहरूबीच थप आपसी समन्वय, सद्भाव र सहकार्य हुनु जरुरी छ। उक्त घटनाक्रममा सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको छ। तत्कालीन परिस्थितिमा न त हस्तक्षेप गरेको छ, न कुनै राजनीतिक महत्वाकांक्षा राखेको छ। जीवन रक्षालाई सधैं प्राथमिकतामा राख्यो, संयमता अपनायो र अन्ततः निकास प्रक्रियाबाटै खोजियो। सेना संविधानप्रति निष्ठावान् छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ।

## ५ महिनामै...

गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिको तुलनामा आयात, निर्यात र कुल वैदेशिक व्यापार सबै सूचकमा वृद्धि देखिएको छ। भन्सार विभागका अनुसार चालु आवको मंसिरसम्ममा ७ खर्ब ६६ अर्ब १८ करोड ९१ लाख रुपैयाँको वस्तु आयात हुँदा १ खर्ब १६ अर्ब ५० करोड रुपैयाँको मात्रै निर्यात भएको छ। आयात गत वर्षभन्दा १५.८३ प्रतिशत र निर्यात ५८.१७ प्रतिशतले बढी हो। गत आवको सो अवधिमा ६ खर्ब ६१ अर्ब ४८ करोड ८५ लाख रुपैयाँको आयात भएको थियो भने ७३ अर्ब ६५ करोड ९७ लाख रुपैयाँको निर्यात भएको थियो। चालु आवको ५ महिनामा कुल वैदेशिक व्यापार ८ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख रुपैयाँ पुगेको छ। अघिल्लो वर्ष यो ७ खर्ब ३५ अर्ब १४ करोड ८३ लाख रुपैयाँ थियो।

---

# Phidim Municipality
## Office of Municipal Executive
### Phidim, Panchthar

**INVITATION FOR E-BIDS**

**Re-Publication Date:2082-09-08**

Phidim Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement of following works under National Competitive Bidding procedures specified in PPA and PPR.

| IFB no. | Description of Work | Bid Security Amount (NRs.) | Fee for bid document (NRs.) | Remarks |
|---|---|---|---|---|
| PM/NCB/ WORK/2082/083-05 | Construction of Mahadev AA.VI School | 55,000.00 (Validity:2083/01/20) | 3000.00 | NCB (1S1E) |

1. Phidim Na.Pa Dharauti Khata : 06703000003000000001 (Nepal Bank Ltd.)
2. Phidim Na.Pa Rajaswa Khata: 06703000001001000001(Nepal Bank Ltd.)

**Note**: Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the e-GP portal www.bolpatra.gov.np/egp.

---

# Purbichauki Rural Municipality
## Office of Rural Municipal Executive
Doti

**Invitation of Bids**

**Date of publication: 22 December 2025[2082-09-07]**

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic bid from the Nepalese eligible bidders for the following works

| SN | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Average Annual Turnover of the 3 years over tha last 10 yrs NRS(Excluding VAT) | Minimum Work Experience | Bid Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|---|
| 1. | PRM/DOTI/R/ NCB-01/082/083 | Upgrading of Road sukilimati-Jaumala-Gajada-Bagdada-Pokhari-Timurdha Road Project | 120 days | 36800000 | • Gabion works 480 cum per years,<br>• Random Rubble masonry 448 cum per years<br>• Earthwork excavations 14856 cum per years<br>• plum concrete 285 cum per years<br>• Rcc Works 32 cum per month,<br>• TMT rebar 1250 per month | 615000 | 5000 |
| 2 | PRM/DOTI/R/ NCB-01/082/083 | Construction of Mahalaxmi Basic school Two Room Building,Deulegada Wada No.5 | 120 days | | Estimate Amount without VAT and PS NRS 1933945 | 50000 | 3000 |

a. **Deadline for bid submission: 25-01- 2026 [2082/10/08] 12:00 PM**
b **Date, time and place of bid Opening: 25-01-2026 [2082/10/08], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.
c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011
d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675**[or may visit PPMO website www.bolpatra.gov.np.]

---

# ताप्ली गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### रुपाटार, उदयपुर
### कोशी प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी, बालुवाको स्थानीय तह निकासी शूल्क संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने E-Bidding दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक सुचना प्रकाशित मिति: २०८२/०९/०८)**

ताप्ली गाउँपालिकाको आ.व. २०८२/८३ का लागि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को खण्ड घ ६, कोशी प्रदेश सरकारको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को दफा ७ को अनुसूची ६ बमोजिम ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०९/०४ गतेको निर्णयानुसार देहाय बमोजिमका खोला दोभानहरुको ढुंगा गिट्टी, बालुवा संकलन तथा निकासी सुल्क संकलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी PPMO को बेवसाइट WWW.bolpatra.gov.np बाट Bid Document Downlod गरी १६ औ दिनको १२:०० बजे भित्र E-bidding मार्फत रीतपूर्वकको दरभाउपत्र पेश गर्नुहुन आहवान गरिएको छ।

**आय ठेक्काको विवरण**

| क्र.स. | ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनको आधारमा उत्खनन गरिने खोलाहरु | उत्खननगरिने बस्तुहरु | उत्खनन गरिने बस्तुहरुको आयतन घ.फिट. | न्युनतम ठेक्का रकम रु. (मु.अ.कर.बाहेक) | प्रति क्यु फिट दर | फारम दस्तुर रु | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा गर्ने बैंक खाता विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | TRM/SQ/0 083-082/ | ढुंगा,गिट्टी र बालुवा निकासी तथा संकलन शुल्क | सोरुंग खोला बगर क्षेत्र, यारी खोलाको वगर क्षेत्रहरु | ढुंगा,गिट्टी र बालुवा | २३८०९४.६४ | १९०४७५७.१४ | रु.८/- (मु.अ. कर बाहेक | रु. १०००/- | २०८२/०९/२३ दिनको १२.०० बजे | २०८२/९/२३ दिनको १.०० बजे | प्राईम कमर्सियल बैंक लिमिटेड राजस्व खाता नं.०७७०१००००००२५९००१३१ धरौटी खाता नं.०७७०१००००००२६९००११४ |

नोट: यस सम्बन्धी विस्तृत जानकारीका लागि ताप्ली गाउपालिकाको Website:- ict.taplirmun.gov.np मा हेर्न हुन तथा कार्यालयको सम्पर्क नं. ९८५२८२९०७८,९८५२८२९०८०,९८६२९४२४०५ मा सम्पर्क गर्नका लागि जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०८**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०६/०५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी ईसाका नेपाल प्रा. लि. (प्रा.लि.नं.२०४०५३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको ग्लोबल थिङ्क नेपाल प्रा. लि. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

# ५ महिनामा १ खर्ब १४ अर्ब थपियो सार्वजनिक ऋण

■ सौर्य समाचार

काठमाडौँ । चालु आर्थिक वर्षको ५ महिनामा नेपालको सार्वजनिक ऋण १ खर्ब १४ अर्ब थप भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको मासिक प्रतिवेदनअनुसार साउनदेखि मंसिरसम्ममा १ खर्ब १४ अर्ब ४८ करोड रुपैयाँ सार्वजनिक ऋण थपिएको हो । २०८२ साउन १ सम्म २६ खर्ब ७४ अर्ब ४ करोड तिर्न बाँकी ऋण रहेकोमा यो थप हुँदा मंसिर मसान्तसम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब ८८ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । नेपालको अर्थतन्त्रको आकारको अनुपातमा तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५.६६ प्रतिशत हो ।

सरकारले तिर्न बाँकी सार्वजनिक ऋणमध्ये १३ खर्ब १ अर्ब ६३ करोड रुपैयाँ आन्तरिक ऋण र १४ खर्ब ८६ अर्ब ९० करोड रुपैयाँ बाह्य ऋण हो । कुल सार्वजनिक ऋणमा मंसिर मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.३२ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.६८ प्रतिशत रहेको कार्यालयले जनाएको छ । चालु आवको पहिलो दिन १ साउनमा तिर्न बाँकी आन्तरिक ऋण १२ खर्ब ६८ अर्ब २२ करोड र वाह्य ऋण १४ खर्ब ५ अर्ब ८२ करोड थियो ।




## डलरमा आएको वृद्धिले थपियो दायित्व

विनिमयदरमा भएको परिवर्तनका कारण यस आर्थिक वर्षको मंसिरमसान्तसम्म आइपुग्दा सार्वजनिक ऋणको दायित्व बढेको अर्थविद्हरूले बताएका छन् । पछिल्लो समयमा डलरको भाउ बढ्दै गएकाले ऋण दायित्व थप भएको कार्यालयको दाबी छ । सरकारी तथ्यांकअनुसार डलरमा आएको वृद्धिले ७७ अर्ब ६६ करोड ८५ लाख दायित्व थप भएको छ ।

मंसिरमा मात्रै यस्तो दायित्व ३३ अर्ब ४४ करोडले थपिएको छ । गत कात्तिक मसान्तसम्म डलरको मूल्यमा आएको वृद्धिले थपिएको ऋणको दायित्वको ४४ अर्ब २२ करोड ५८ लाख थियो । मंसिर मसान्तसम्म आउँदा त्यो ७७ अर्ब ६६ करोड ८५ लाख पुगेको हो । यस विदेशी ऋणतर्फ थपिएको दायित्व हो । विदेशी ऋण डलरमा भुक्तानी गर्नुपर्छ । पछिल्लो समय डलरको मूल्य बढ्दै आएपछि विदेशी ऋणको दायित्व पनि थपिएको हो ।

सरकारले चालु आर्थिक वर्षमा ५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा मंसिर मसान्तसम्ममा १ खर्ब ७५ अर्ब १२ करोड ऋण प्राप्ति भएको छ । यस अवधिमा सरकारले १ खर्ब ४७ अर्ब ६६ करोड आन्तरिक ऋण तथा २७ अर्ब ४५ करोड बाह्य ऋण प्राप्ति गरेको छ ।

## ५ महिनामा १ खर्ब ६७ अर्ब भुक्तानी

चालु आर्थिक वर्ष २०८२/०८३ मा ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब १ करोड वार्षिक बजेट रहेकोमा मंसिर मसान्तसम्म १ खर्ब ६७ अर्ब १ करोड भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ४०.६४ प्रतिशत हो । कुल ग्राहस्थ उत्पादनको आधारमा कुल ऋण सेवा खर्च २.७३ प्रतिशत हो । चालु आवको ५ महिनामा सरकारले १ खर्ब ३७ अर्ब ६८ करोड आन्तरिक ऋण तथा २९ अर्ब ३३ करोड बाह्य ऋणको दायित्व घटाएको छ । मंसिरमसान्तसम्म साँवा भुक्तानीमा १ खर्ब ३८ अर्ब ३० करोड र ब्याज भुक्तानीमा २८ अर्ब ७० करोड रुपैयाँ खर्च भएको छ ।

# पुष्प खेतीमा हरितगृह प्रविधिको लागि ग्लोबलले कर्जा दिने

■ सौर्य समाचार

काठमाडौँ । ग्लोबल आइएमई बैंक लिमिटेडले पुष्प खेतीमा हरितगृह प्रविधिको प्रयोगका लागि कर्जा प्रवाह गर्ने भएको भएको छ । ग्लोबल आइएमई बैंक र फ्लोरिकल्चर एसोसिएसन नेपालबीच पुष्प खेती तथा आलंकारिक सौन्दर्यीकरण बाली उत्पादनमा हरितगृह प्रविधिको प्रयोग र सो का लागि सहज कर्जा प्रणालीको विकास गर्नेसम्बन्धी समझदारी भएको हो ।

उक्त समझदारीमा बैंकका इन्फ्रास्टक्चर तथा प्रोजेक्ट फाइनान्सिङ प्रमुख अशीम कर्माचार्य र फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार, बैंकले पुष्प व्यवसायी वा कृषकहरू लक्षित विशेष हरितगृह कर्जा प्रवाह गर्ने भएको हो ।

साथै, फ्लोरिकल्चर एसोसिएसन नेपालले आफ्नो सदस्यहरूलाई बैंकको कृषि कर्जा योजनाको बारेमा जानकारी प्रदान गर्नेछ ।

यसबाट व्यवसायी तथा कृषकहरूको पुष्प उत्पादन र उत्पादकत्व वृद्धि, हरितगृह प्रविधिहरूको प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास र सेवा अभिवृद्धिमा सहयोग पुग्ने बैंकको दाबी छ । साथै यस सहकार्यले जलवायु अनुकूलन अभ्यास, दिगो व्यवसाय र आधुनिक प्रविधिलाई आत्मसाथ गर्न पुष्प व्यवसायी तथा कृषकलाई उत्प्रेरित गर्न सहयोग पुग्ने बिश्वास लिइएको छ ।

यो सहकार्यले हरितगृह प्रविधिमा लगानी गर्न पुष्प व्यवसायी तथा उद्यमीहरूलाई लक्षित गरी वित्तीय पहुँच विस्तारको साथै फूल उत्पादन तथा अलंकारिक बोटबिरुवाको उत्पादन र उत्पादकत्व वृद्धि हुने एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठले बताए ।

## Kaligandaki Rural Municipality
### Office of Rural Municipal Executive
### Purtighat, Gulmi

### Invitation for Online Bids

**Date of publication: 23th December 2025(2082-09-08)**

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the **below mentioned work** under National Competitive Bidding Procedures. The details of the project is as follows:

| S. N. | Contract No. | Contract Name | Estimated Amount (Nrs) (Inclusive of VAT) | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SQ/KRM/GOODS/ 2082/2083/08 | Procurement of Materials and Transportation up to Road Head Site (Lega -06, Kaligandaki) Gulmi | 1062796.16 | 30000.00 | 1000.00 | 07-01-2026 13:00 PM | 07-01-2026 14:00 PM |

2. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857067925/9857078803, website https://kaligandakimungulmi.gov.np/ or visit PPMO's website: www.bolpatra.gov.np/egp .
3. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## Gramthan Rural Municipality
### Office of Rural Municipal Executive
### Tetariya, Morang
### Koshi Province, Nepal

### Notice for the Letter of Intent

**First Date of Publication 2082-09-08**

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest EvaluatedSubstantially Responsive Bidder | Bid Price inclusive VAT/ LSPS |
|---|---|---|---|
| G.R/NCB/WORKS/ 7-082-083 | Gramthan 7 Ganesh Ma.Vi Dekhi Dhobiyare jane Bato kalopatre | R.C.Construction Sundarharaicha-12 | 1851651.51 |
| G.R/NCB/WORKS/ 8-082-083 | Bibhinna sadak kalopatre wada no -4 (Package) | Pratibha Construction Budhiganga-3 Morang | 6369994.35 |
| G.R/NCB/ WORKS/03-082-083 | Ring Road Banigama Purba Sadak Kalopatre( Ward no 6 Package) | M/S Nikita and Raj Construction,Sunsari | 18057000.41 |

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/०९/०८**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीको नाममा मिति २०८१/०७/२९ को "कान्तिपुर" राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने, मिति २०८१/११/१८ को "आर्थिक" राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना र मिति २०८२/०१/२४ को "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा चल/अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, मिति २०८२/०२/२२ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा चल/अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धमा ७ (सात) दिने सार्वजनिक सूचना, मिति २०८२/०३/०४ को "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिक पत्रिकामा चल/अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धमा ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिने छ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : अधिविकर्ष साथै विभिन्न कर्जा**

**ऋणीको नाम र ठेगाना**
**ऋणीको नाम : जय शम्भु सप्लायर्स**
रजिष्टर्ड ठेगाना : सैनामैना न.पा. वडा नं. २, कालिकाचोक, रुपन्देही
रजिष्ट्रेसन नं. : ०००२-८-२०८०/८१ (प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देही)
पान नं. : ६२०२७६९९३

**फर्मको साझेदार तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : जुना ज्ञवाली उपाध्याय**
बाबु : जगन्नाथ ज्ञवाली
ससुरा : हरि प्रसाद उपाध्याय
पति : नोगराज उपाध्याय
ठेगाना : चिदिका गा.वि.स. वडा नं. ८, अर्घाखाँची
हालको ठेगाना : सैनामैना.न.पा. वडा नं. २, रुपन्देही
ना.प्र.नं. : १३६३/३१९३
जारी मिति : २०५२/०६/२५
जि.प्र.का. : अर्घाखाची

**२. नाम : ध्रुबमणि ज्ञवाली**
बाबु : जगन्नाथ ज्ञवाली
बाजे : रुकमागत ज्ञवाली
पत्नी : शान्ता गौतम
ठेगाना : चिदिका गा.वि.स. वडा नं. ८, अर्घाखाँची
हाल : सैनामैना.न.पा. वडा नं. १, रुपन्देही
ना.प्र.नं. : ६८१/२२१७
जारी मिति : २०४८/०६/०९
जि.प्र.का. : अर्घाखाची

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : तारा कटुवाल**
बाबु : चक्र बहादुर कटुवाल
ससुरा : खडानन्द गौतम
पति : जयभद्र गौतम :
ठेगाना : देउराली गा.वि.स. वडा नं. ९, भोजपुर
हालको ठेगाना : सैनामैना .न.पा. वडा नं. ०२, रुपन्देही
ना.प्र.नं. : ४५५१/१२५३४
जारी मिति : २०५२/०३/१६
जि.प्र.का. : भोजपुर

**२. नाम : नोगराज उपाध्याय**
बाबु : हरि प्रसाद उपाध्याय
बाजे : तेजनारायण उपाध्याय
पत्नी : जुना ज्ञवाली उपाध्याय :
ठेगाना : पर्रोहा गा.वि.स वडा नं. ४,रुपन्देही
हालको ठेगाना : सैनामैना.न.पा. वडा नं. २, रुपन्देही
ना.प्र.नं. : ५७५
जारी मिति : २०४६/०९/२४
जि.प्र.का. : रुपन्देही

**३. नाम : स्व. जयभद्र गौतम**
बाबु : खडानन्द गौतम
बाजे : छविलाल गौतम
पत्नी : तारा कटुवाल
ठेगाना : रामग्राम न.पा. वडा नं. २, नवलपरासी
हालको ठेगाना : सैनामैना न.पा. वडा नं. ०२, रुपन्देही
ना.प्र.नं. : १०९७४
जारी मिति : २०४४/०४/१६
जि.प्र.का. : नवलपरासी

**४. नाम : शान्ता गौतम**
बाबु : गणेश प्रसाद गौतम
ससुरा : जगन्नाथ ज्ञवाली
पति : ध्रुबमणि ज्ञवाली
ठेगाना : पर्रोहा गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : सैनामैना .न.पा. वडा नं. ०१, रुपन्देही
ना.प्र.नं. : २२७६०
जारी मिति : २०६०/०८/०१
जि.प्र.का. : रुपन्देही

**५. नाम : मुक्तकला ज्ञवाली भन्ने चन्द्रमाया उपाध्याय**
बाबु : लालु राम पंथी
ससुरा : रुकमागत ज्ञवाली
पति : जगन्नाथ ज्ञवाली
ठेगाना : चिदिका गा.वि.स. वडा नं. ८, अर्घाखाची
हाल : सैनामैना न.पा. वडा नं. ०१, रुपन्देही
ना.प्र.नं. : ६००/१४३८
जारी मिति : २०४४/११/०३
प्रतिलिपि मिति २०५४/०१/०९
जि.प्र.का. : अर्घाखाची

**६. नाम : जगन्नाथ ज्ञवाली**
बाबु : रुकमागत ज्ञवाली
बाजे : नैना प्रसाद ज्ञवाली
पत्नी : मुक्तकला ज्ञवाली भन्ने चन्द्रमाया उपाध्याय
ठेगाना : चिदिका गा.वि.स. वडा नं. ८, अर्घाखाची
हाल : सैनामैना .न.पा. वडा नं. ०१, रुपन्देही
ना.प्र.नं. : ३०/१४३३
जारी मिति : २०४४/१०/२२
जि.प्र.का. : अर्घाखाची

**७. नाम : विक्रम उपाध्याय**
बाबु : नोगराज उपाध्याय
बाजे : हरि प्रसाद उपाध्याय
ठेगाना : सैनामैना न.पा. वडा नं. ३, रुपन्देही
हाल : सैनामैना न.पा. वडा नं. ०३, रुपन्देही
ना.प्र.नं. : ३७-०२-७४-०४८१९
जारी मिति : २०७४/०५/०४
जि.प्र.का. : रुपन्देही

**८. संस्थागत जमानीकर्ताको नाम र ठेगानाः**
**नाम : पुनम हार्डवेयर प्रा. लि.**
रजिष्टर्ड ठेगाना : सैनामैना न.पा. वडा नं. २ कालिकाचोक, रुपन्देही
रजिष्ट्रेसन नं. : २४६२१६/०७७/०७८ (नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाडौं)
पान नं. : ६०९८३९५७१

**माथि उल्लिखित ऋणी जय शम्भु सप्लायर्सले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरणः**

**१. धितो सुरक्षण धनीको नामः ध्रुबमणि ज्ञवाली**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/ नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रुपन्देही | बुटवल | १० | ३५ | ९०.३० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय मुर्गिया, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०९/१६, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देही**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

## मितेरीपुलको पुनर्निर्माण सम्पन्न
# रसुवा-केरुङ आउजाउ गर्न सीमा पास नवीकरण सुरु

■ सौर्य समाचार

रसुवा। नेपाल-चीनबीचको ल्हेन्देखोलामा मितेरीपुल पुनर्निर्माण भएसँगै अध्यागमन कार्यालय रसुवाले रसुवा-केरुङ आउजाउ गर्ने सीमा पास नवीकरण गर्न थालेको छ। मितेरी पुलको पुनर्निर्माण सम्पन्न भएपछि सामान आयातका क्रममा केरुङतर्फ जाने सवारीचालकको पास नवीकरण प्रक्रिया आइतबारदेखि सुरु भएको हो।

निमित्त अध्यागमन प्रमुख मेघनाथ शर्माका अनुसार यही आइतबार ७ जनाको नवीकरण, ५ जनाको प्रतिलिपि र १ जनाको नयाँ पास जारी गरिएको र बसाईं सरी रसुवा जिल्ला बाहिरबाट आएका व्यक्तिको भने सरोकारवाला पक्षको सहमतिका आधारमा पछि गरिने छ। बसाईं सरी आएका मानिसको नवीकरण नगर्न जनदबाब आइरहेकाले नयाँ कार्यालय प्रमुखसमेत आएपछि सो सम्बन्धमा आवश्यक निर्णय हुने उनले जानकारी दिए। मितेरी पुल सञ्चालनका विषयमा चिनियाँ पक्षबाट एकीन जबाफ प्राप्त भएपछि मात्र आधिकारिक जबाफ दिन सकिने रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिए। अन्तर्राष्ट्रिय नाका भएकाले सम्बद्ध दुई देशका अधिकारीबीचको बैठकपछि मात्र रसुवागढी नाका सञ्चालन हुने दिन तोक्न सकिने उनले बताए।

# सुनकोसी मरिण डाइभर्सनको नयाँ टेन्डर तत्काल अघि बढ्ने

■ सौर्य समाचार



काठमाडौं। राष्ट्रिय गौरवको सुनकोसी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नयाँ टेन्डर प्रक्रिया अघि बढ्ने भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले ठेक्का तोडिएपछि हाल भइरहेको मूल्यांकनको काम २ महिनाभित्र सम्पन्न गरी नयाँ टेन्डर प्रक्रिया अगाडि बढाउन निर्देशन दिएका हुन्।

ठेक्का तोडेपछिको बाँध(हेडवर्क्स), विद्युत्गृहलगायतका सिभिल संरचना, गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडानको कामको मूल्यांकन भइरहेको आयोजनाले जनाएको छ। आयोजनाले २४ कात्तिकमा उक्त प्याकेज निर्माणका लागि पटेल–रमण जेभी, जनकपुर-९ धनुषासँगको ठेक्का सम्झौता तोड्ने १४ दिने सार्वजनिक सूचना जारी गरेको थियो। सम्झौतामा भएको व्यवस्था बमोजिम गत ८ मंसिरबाट ठेक्का तोडिएको थियो।

सम्झौताबमोजिम ठेक्का तोडेपछि निर्माण व्यवसायीका सम्पूर्ण उपकरण, साइट कार्यालय, निर्माणस्थल आयोजनाले आफ्नो नियन्त्रणमा लिएको छ। आयोजनाको अहिलेसम्म भएको काम, त्यहाँ रहेका उपकरण, बाँकी रहेका तथा थप गर्नुपर्ने कामलगायतको मूल्यांकन गरी लागत अनुमान तय गर्ने एवं टेन्डरका कागजात बनाउने काम भइरहेका छन्।

मन्त्री कुलमान घिसिङले सोमबार रामेछापको मन्थली नगरपालिका-६ सेलेघाटस्थित आयोजनाको हेडवर्क्स निर्माण क्षेत्रको निरीक्षण गरी टेन्डर रद्द गरिएपछिको साइटको अवस्था र नयाँ टेन्डर निकाल्नका लागि भइरहेको प्रगतिको जानकारी लिएका थिए। मन्त्री घिसिङले आयोजनास्थलमै आयोजना व्यवस्थापन र परामर्शदातासँग छलफल गरेका थिए।

सो क्रममा मन्त्री घिसिङले भने, 'हालसम्म भएको काम, बाँकी काम, निर्माणका क्रममा देखिएका थप कामलाईसमेत समेट्ने गरी मूल्यांकन गरेर सोहीबमोजिम नयाँ टेन्डर गर्नुपर्दछ, सुरुङ बनिसकेको आयोजनाको निर्माणमा ढिलाइ गर्नुहुँदैन, नयाँ तालिका बमोजिम निर्माण सम्पन्न हुने सुनिश्चित गरी नयाँ टेन्डरको प्रक्रिया तत्काल अघि बढाउनुपर्छ।'

ठेक्का सम्झौताको अवधि करिब ६१ प्रतिशत सकिँदा पनि भौतिक प्रगति एकदमै न्यून करिब १० प्रतिशत मात्र रहेको, प्रगति बढाउन कुनै तदारुकताका नदेखाएको, सम्झौताको प्रावधानअनुसार कामका सुधार गर्न सूचना जारी गर्दा समेत त्यसतर्फ कुनै चासो नदिएकाले पटेल–रमण जेभीसँगको ठेक्का टोडिएको थियो।

आयोजनाले ठेक्का सम्झौता रद्दको प्रक्रियासँगै पटेल–रमण जेभीलेकार्यसम्पादन जमानत वापत राखेको २ अर्ब ४० करोड र अग्रिम भुक्तानीको १ अर्ब २० करोड गरी ३ अर्ब ६० करोड रुपैयाँ बैंक ग्यारेन्टी जफतको प्रक्रिया अगाडि बढाएको थियो।

आयोजना निर्माणका लागि पटेल-रमण जेभीसँग १४ अर्ब ८ करोड ८ करोड रुपैयाँ (करसहित)मा ठेक्का सम्झौता भएको थियो। पटेल-रमण जेभीले अनुमानित लागतभन्दा करिब ३२ प्रतिशत कम रकम कबोल गरेको थियो। निर्माण व्यवसायीले २०७९ माघबाट काम सुरु गरेको थियो।

असार २०८४ भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख थियो। तर, हालसम्मको भौतिक प्रगति करिब १० प्रतिशत मात्र छ। हालसम्म २ अर्ब १४ करोड (करिब १५ प्रतिशत) रकम भुक्तानी गरिएको छ।

आयोजनाको १३.३ किलोमिटर टनेल बोरिङ मेसिनको प्रयोग गरी खनिएको थियो। सुरुङ २६ वैशाख २०८१ मा छिचोलिएको थियो। सिन्धुली र रामेछापको सीमानामा रहेको सुनकोसी नदीको पानीलाई बाँध बनाएर सुरुङमार्फत मरिण नदीमा खसाली बागमती सिँचाइ आयोजनामा पुऱ्याइने छ।

हाल सिँचाइ भएको ४५ हजार ६०० हेक्टर जमिनसहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको कुल १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरी सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। आयोजनाको अनुमानित लागत ४९ अर्ब ४२ करोड रुपैयाँ रहेको छ।

---

## Surma Rural Municipality
### Office Of The Rural Municipality
**Daulichaur, Bajhang**
**Sudurpashim Province, Nepal**

## Notice For Electronic Bids Only

**Date Of First Publication: 2082/09/08 (Dec 23,2025)**

1. **Surma Rural Municipality, Daulichaur, Bajhang** invites electronic bids from all Nepalese eligible bidders for the following Construction works under National Competitive Bidding procedures. The details given below.

| S.N | IFB No. | Description Of Works | AACT of Best 3 F/Y Yrs of Last 10 Years | Minimum Work experience of similar size and nature | Bid Capacity | Bid Security Amount | Bid Validity Period/ Validity of Security (Days) | Non-Refundable Bid document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/ BAJHANG/NCB/ W/B/06/2082-083 | Construction of Administration Building, Bajhang. | NRs.42 million. | One RCC Frame structure Building Value of Nrs 22.50. Millions of single Contract project agreement (Without Vat but including PS). | Nrs 45 million. | Nrs. 14,41,000 | 120/150 | 5000 |

| Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Last Date & Time for Technical Bid Opening |
|---|---|---|
| Date: -2082/10/08 Time: -12:00 PM | Date: -2082/10/08 Time: -12:00 PM | Date: -2082/10/08 Time: -14:00 PM |

2. Bidder Shall have Submitted their bid electronically only from PPMO's website www.bolpatra.gov.np/egp. Bidders Submitting their electronically should deposit the cost of Bidding document /Bid security as specified below

| Cash Deposit For Purchase of Bid Document | Cash Deposit for Purchase of Bid Security (Optional if bidders submit Bank guarantee From A class Bank) |
|---|---|
| Bank: - Everst Bank<br>Account Name: -Internal Revenue Account.<br>Account Number: -07800106200004 | Bank: - Everst Bank<br>Account Name: - Dharauti khata<br>Account Number: - 07800106200003 |

3. Pre Bid Meeting Shall be held at **Surma Rural Municiaplity, Daulichaur ,Bajhang on B.S 2082/09/29.**
4. Under the single stage, Two envelope procedure bidder are required to submit simultaneously two separate sealed envelope one containing (i) the technical bid and the other (ii) the price bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB.21 of the bidding document. only eligible bidders must follow the key qualification mentioned in bidding document should only participate in bidding procedure. Any amendment in the tender notice shall be posted in the notice board of the **Surma Rural Municipality, Daulichaur ,Bajhnag** and PPMO's website www.bolpatra.gov.np/egp . Eligible bidder may further refer Surma **Rural Municiaplity, Daulichaur, Bajhang** and PPMO's website www.bolpatra.gov.np/egp for further information.

**Chief Administrative Office**

---

## Shivasatakshi Municipality
### Office Of The Municipal Executive
**Jhapa**
**Koshi Province, Nepal**

## Invitation for online Bids

**Date of 1st Publication : 2082/09/08 (23-Dec-2025)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & PS | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 12/SM/ NCB/ Bldg/2082/83 | Construction of Saraswati Kanya Gurukul building & Kitchen , shivasatakshi 10 | Nrs 3000 | Nrs 73,18,591.74 | 90 Days After Bid opening | Nrs 1,86,000 | 30 Days beyond the Validity of Bid | 22-Jan-2026 12: 00 Hours | 22-Jan-2026 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank**: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office**: Shivasatakshi Municipality
Office Account no.: **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

---

## सार्वजनिक सूचना

मिति २०८२/०९/०६ को पत्र संख्या ०८२/८३ को च.नं. ६७२ बमोजिम श्री एलिजा ईजी ट्रेड लिंक, टुसाल ७ चावहील, काठमाण्डौले Piro Kagati Candy, Mfg. Date Aug. 2025, Exp. Date best before 6 month, batch No. B1-07 को सामानमा कृतिम रंगको मात्रा नेपाल सरकारले तोकेको भन्दा बढी पाइएको भनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल काठमाण्डौको पत्र बमोजिम उल्लेखीत व्याच नं. को सामान प्रयोग नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचना मार्फत जानकारी गराईन्छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६।०५।१३ मा दर्ता भएको **प्रा.लि. नं. २२२९१६** को **प्रकट कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०८।२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**EMBASSY OF INDIA**
**KATHMANDU**
**TENDER ENQUIRY: MPB/ADM/287/02**

Sealed tenders under two bid systems (Technical & Financial) are invited directly from reputed and experienced bidders for procurement of IT Hardware Equipment as per specification enclosed.

**For Further Information, please visit**
www.indembkathmandu.gov.in and www.eprocure.gov.in
**Assistant Military Attache (P)**
Military Pension Branch
Phone: 014001787 Fax: 014413034
Email: amap.kathmandu@mea.gov.in

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

**बोलपत्रको कागजात संसोधन गरिएको सूचना**

**प्रकाशित मिति: २०८२/०९/०८**

कोशी अस्पतालको बोलपत्र सूचना नं-KH/NCB/M-07/2082-083 को Technical Specification संसोधन गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारी गराईन्छ।

**प्रमुख मेडिकल सुपरिटेण्डेण्ट**

---


**Saudi मा रोजगार** **Rasiah Lines Contracting Est.**

पूर्व स्वीकृती मिति: २०८२/९/४ चलानी नं.: ६०२४९०७४ LT No. : 335266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading & Unloading Workers/Labour | 7 | 0 | काममा दक्ष | 1000 | ३८,१२५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ पौष १५ गते (30 Dec., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**D.N. Manpower Pvt. Ltd.**
Licence No. 1184 /073 /074
Tokha - 05, Basundhara, Kathmandu, Tel:- 01 - 4964311, 4986411
Email : dnmanpower@gmail.com

**Malaysia मा रोजगार** **Alodea Plants Centre Sdn. Bhd.**

पुर्व स्वीकृती मिति: २०८२/९/६ चलानी नं. ६०२४९३५६ LT No.: 335736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Labour | 8 | काममा दक्ष | 1700 | ५९,७८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्षा |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ पौष १५ गते (30 Dec., 2025 ) यस प्रा. लि. कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**सदिक्षा ओभरसिज प्रा. लि.**
सामाखुसी–२९, काठमाडौं, फोन.: ०१-४९८०१८१, ४९८८२००, ९८५११३०५९२
श्रम ईजाजत न.: ७६९/०६५/६६

# अवामी लिगबिनाको चुनाव ‘राज्याभिषेक’ मात्र : शेख हसिना

एजेन्सी



नयाँ दिल्ली । बंगलादेशमा सन् २०२६ फेब्रुअरीमा हुने राष्ट्रिय निर्वाचनमा आफ्नो दल अवामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएपछि पूर्वप्रधानमन्त्री शेख हसिनाले कडा प्रतिक्रिया दिएकी छन् । उनले अवामी लिगबिनाको चुनावलाई वास्तविक निर्वाचन नभई ‘राज्याभिषेक’ को संज्ञा दिएकी छन् ।

विद्यार्थी नेतृत्वको विद्रोहपछि करिब १ वर्षअघि सरकारबाट अपदस्थ भएकी हसिनाले भनिन्, ‘अवामी लिगबिनाको चुनाव चुनाव नै हुँदैन, त्यो राज्याभिषेक हो । अन्तरिम सरकारका प्रमुख मुहम्मद युनुसले जनताको मतबिना शासन गरिरहनुभएको छ र लोकप्रिय जनादेशबाट ९ पटक निर्वाचित पार्टीलाई प्रतिबन्ध लगाउने प्रयास भइरहेको छ ।’

उनले ऐतिहासिक उदाहरण उल्लेख गर्दै बंगलादेशी जनताले आफ्नो मनपर्ने दललाई मतदान गर्न नपाए मतदान नै नगर्ने प्रवृत्ति रहेको बताइन् । ‘यदि यो प्रतिबन्ध कायम रह्यो भने लाखौँ नागरिक मताधिकारबाट वञ्चित हुनेछन् । यस्तो प्रक्रियाबाट बनेको सरकारसँग शासन गर्ने नैतिक अधिकार हुँदैन’, हसिनाको भनाइ छ । उनले राष्ट्रिय मेलमिलापको खाँचो रहेका बेला यस्तो कदम गम्भीर अवसर चुकाउनुसरह हुने उल्लेख गरिन् ।

देशमा राजनीतिक तनाव चर्कँदै जाँदा फेब्रुअरी २०२६ को चुनावको तयारी भइरहेका बेला हिंसात्मक प्रदर्शन र अल्पसंख्यक, विशेष गरी हिन्दु समुदायमाथि आक्रमणका खबरहरू बढिरहेका छन् । इन्किलाब मोन्चोका नेता उस्मान हादीको मृत्युपछि भएको हिंसाप्रति संकेत गर्दै हसिनाले सम्पूर्ण जिम्मेवारी अन्तरिम सरकारमाथि थोपरेकी छन् ।

‘उस्मान हादीको हत्या वर्तमान प्रशासनअन्तर्गत बढ्दो अराजकताको प्रतीक हो’, उनले भनिन् ‘हिंसा सामान्य बनेको छ र सरकारले या त यसलाई अस्वीकार गर्छ वा नियन्त्रण गर्न असफल भएको छ । यसले देशलाई मात्र होइन, छिमेकीहरूसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय विश्वसनीयतालाई पनि कमजोर बनाएको छ ।’

सन् २०२४ अगस्टमा शेख हसिनालाई अपदस्थ गर्ने आन्दोलनपछि यो पहिलो राष्ट्रिय निर्वाचन हुन लागेको हो । त्यसयता नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम प्रशासनले देश चलाउँदै आएको छ । निर्वाचनकै दिन ‘जुलाई चार्टर’ सम्बन्धी राष्ट्रिय जनमतसंग्रह पनि हुनेछ, जसले कार्यकारी शक्तिमा नियन्त्रण र न्यायिक स्वतन्त्रता सुदृढ गर्ने प्रस्ताव गरेको छ ।

३०० वटै संसदीय सिटका लागि एकै चरणमा मतदान हुने यस चुनावमा मुख्य प्रतिस्पर्धा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र जमात-ए-इस्लामीबीच हुने अपेक्षा गरिएको छ । विद्यार्थी आन्दोलनबाट उदय भएको नेसनल सिटिजन्स पार्टी (एनसिपी) पनि चुनावी मैदानमा उत्रने सम्भावना रहेको जनाइएको छ ।

## जापानको उपग्रह प्रक्षेपणमा असफलता

टोकियो । जापानको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार, सोमबार प्रक्षेपण गरिएको ‘एच-३ रकेट’ले ‘मिचिबिकी नम्बर ५’ उपग्रह कक्षमा पुर्‍याउन सकेन । ‘मिचिबिकी नम्बर ५’ जापानको क्वासी-जियोस्टेसनरी स्याटेलाइट प्रणाली (क्युजेडएसएस) अन्तर्गत राखिएको पाँचौँ उपग्रह हो, जसको उद्देश्य जिपिएस संकेत सुधार गरेर स्मार्टफोन, कारको नेभिगेसन प्रणाली र अन्य स्थान-निर्धारित सेवाहरूमा स्थान निर्धारणको शुद्धता बढाउनु हो ।

जापानको अन्तरिक्ष अनुसन्धान निकायले आठौँ एच-३ रकेट कागोशिमाको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट बिहान १०:५१ बजे प्रक्षेपण गरेको थियो । तर दोस्रो चरणको इन्जिन समयभन्दा पहिले बन्द भएपछि रकेट असफल भयो । अन्तरिक्ष निकायले हाल परिस्थितिको मूल्यांकन गर्दै इन्जिन बन्द हुनुको कारण पत्ता लगाउने काम गरिरहेको छ ।

यो रकेटले बोकेको ‘मिचिबिकी नम्बर ५’ उपग्रह मोबाइल फोन, सवारी साधनका नेभिगेसन प्रणाली र अन्य स्थान-निर्धारण सेवाहरूको शुद्धता सुधार्ने उद्देश्य राखेको थियो ।

# नजिब रजाकलाई नजरबन्द अस्वीकार, जेलमै बाँकी सजाय

एजेन्सी

क्वालालम्पुर । मलेसियाको उच्च अदालतले सोमबार पूर्वप्रधानमन्त्री नजिब रजाकलाई भ्रष्टाचारसम्बन्धी सजायको बाँकी अवधि जेल बाहिर नजरबन्दमा बिताउन दिने माग अस्वीकार गरेको छ । अदालतले पूर्वराजाद्वारा जारी गरिएको भनिएको परिशिष्ट शाही आदेश संवैधानिक प्रक्रियाअनुसार नबनाइएकाले वैध नहुने फैसला सुनाएको हो ।

न्यायाधीश एलिस लोकेका अनुसार राजाको दयाको विशेषाधिकार संविधानअनुसार माफी बोर्डको सिफारिसका आधारमा मात्र प्रयोग गर्न सकिन्छ । सन् २०२४ जनवरी २९ मा बसेको माफी बोर्डको बैठकमा नजरबन्दसम्बन्धी विषय उठाइएको पनि थिएन र स्वीकृत गरिएको थिएन । त्यसैले नजरबन्दको व्यवस्था ‘वैध आदेश होइन’ भन्ने ठहर गरिएको हो ।

७२ वर्षीय नजिब रजाकले अब आफ्नो बाँकी सजाय जेलमै पूरा गर्नुपर्नेछ । माफी बोर्डले गत वर्ष १२ वर्षको सजाय आधा घटाएपछि उनको कैद अवधि सन् २०२८ अगस्टमा समाप्त हुने तय भएको छ । फैसलापछि नजिबका वकिलले अदालतलाई उक्त निर्णयविरुद्ध अपिल गर्ने योजना रहेको जानकारी गराएका छन् ।

नजिबले १ एमडिबी राज्य कोष घोटालासँग सम्बन्धित मुद्दामा दोषी ठहर भई जेल सजाय भोगिरहेका छन् । शक्तिको दुरुपयोग, आपराधिक विश्वासघात र मनी लन्ड्रिङको अभियोगमा सन् २०२० मा उनलाई १२ वर्षको जेल सजाय सुनाइएको थियो । १ एमडिबीको पूर्व एकाइ एसआरसी इन्टरनेसनलबाट ४ करोड २० लाख रिंगिट रकम उनको खातामा पुगेको अभियोग प्रमाणित भएपछि उनले अन्तिम अपिल गुमाउँदै सन् २०२२ अगस्टमा जेल जीवन सुरु गरेका थिए, जससँगै उनी जेल जाने मलेसियाका पहिलो पूर्वप्रधानमन्त्री बने ।

नजिबले आफू गलत काममा संलग्न नभएको दाबी गर्दै लगानीकर्ता लो टेक झो (जो लो) ले आफूलाई ठगेको आरोप लगाउँदै आएका छन् । तर घोटालाका मुख्य योजनाकार मानिने जो लो अझै फरार छन् ।

यसैबीच, उच्च अदालतले यही हप्ता १ एमडिबी काण्डसँग प्रत्यक्ष सम्बन्धित अर्को मुद्दामा नजिब दोषी वा निर्दोष ठहर हुनेबारे पनि फैसला सुनाउने तयारी गरेको छ । उक्त मुद्दामा शक्तिको दुरुपयोगका ४ र मनी लन्ड्रिङका २१ अभियोग छन्, जसमा दोषी ठहर भएमा थप लामो जेल सजाय हुनसक्नेछ ।

१ एमडिबी काण्डले सन् २०१८ मा मलेसियामा ठुलो राजनीतिक भूकम्प ल्याएको थियो । जसका कारण सन् १९५७ देखि सत्तामा रहेको दल ऐतिहासिक चुनावी पराजयमा परेको थियो । दोषी ठहरिए पनि नजिबले अझै आफ्नो दल युनाइटेड मलेसियन नेसनल अर्गनाइजेसनमा प्रभाव कायम राखेका हुन् । उक्त दल हाल प्रधानमन्त्री अनवर इब्राहिमको नेतृत्वमा रहेको एकता सरकारको हिस्सा हो ।


## Tanjakot Rural Municipality
## Office of the Rural Municipal Executive
**Chankhure, Humla**
**Karnali Province, Nepal**

## Bid Invitation Notice

**Date of publication: 2082/09/08 (23 December 2025)**

1. Tanjakot Rural Municipality, Humla has received a grant from Nepal Government towards the cost of Con struction works and intend to apply part of the funds to cover eligible payments under the Contract for differ-ent ID as mentioned table below. Bidding is open to all eligible Nepalese Bidders.
2. Tanjakot Rural Municipality, Humla invites electronic bids from eligible bidders works for the works mentioned table below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in these bidding only, which is mentioned specified below table.
3. Eligible Bidders may obtain further information and inspeet the Bidding Documents at the Tanjakot Rural Municipality, Humla, Mob.no.: 9858038199/9860504819 and email: ito.tajakotmun@gmail.com or may visit PPMO website www.bolpatra gov.np/egp.
4. Bidder their bid electronically downloads the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Globle IME Bank Limited, Tanjakot Branch
   Name of Office: Tanjakot Gaunpalika, Humla
   Office Account no.: 27404010000006 (Dharauti Account)
   Office Code no.: 80664504, Account No. 27404010000008 (Internal Revenue)
5. Pre-bid meeting shall be held.
6. Electronic bids must be uploaded through PPMO website www.holpatra.gov.mp/egp before 12.00 on 2082/10/08 (22 Jan. 2026). Bids received after this deadline will be rejected.
7. The Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2082/10/08 (22 Jan. 2026). at the office of Tanjakot Rural Municipality Humla. Bids must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of bid, amounting to a minimum of the amount as mentioned table below.
8. If the last date of Opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act.2063 and Public Procurement Regulation, 2064 and others prevailing rules and regulations of Nepal.

**Details of Works**

| S. N. | IFB No. | Description | Total Estimated Amount (with vat) | Bid Security | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | 03/TRM/082-83 /GDPN/Works | Construction of Guradeb paryatakiya Purbadhaar Nirman Yojana | 14096291.40 | NPR. 4,35,000.00 | NPR. 3,000.00 |
| 2 | 04/TRM/082-83 /GGK /Goods | Procurement of Goods for Ghatmuna Dekhi Ghat Samma Sichai yojana | 2766948.07 | NPR. 78,000.00 | NPR. 3,000.00 |

*Chief Administrative Officer*



नेपाल सरकार
गृह मन्त्रालय
## नेपाल प्रहरी प्रधान कार्यालय
## साइबर ब्यूरो

## विद्युतिय बोलपत्र अस्वीकृत गरी खरिद कारवाही रद्द गरिएको विवरण

सूचना नं. :- ३
**सूचना प्रकाशन मिति : २०८२।०९।०८ गते**

उपरोक्त विषयमा आ.व. २०८२।०८३ मा यस ब्यूरोको लागि आवश्यक पर्ने Cyber Forensic Lab Equipment Renewal सम्बन्धी सफ्टवेयर उपकरण बिद्युतीय बोलपत्रको माध्यमद्वारा खरिद गर्नको लागि मिति २०८२।०७।२१ शुक्रबार सौर्य दैनिक राष्ट्रिय पत्रिकामा सूचना नं. NPHQ/CB/NCB/2082-083/01 अनुसार देहाय बमोजिमको बोलपत्रलाई सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सर्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधिनमा रही मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २६ बमोजिम बोलपत्र अस्वीकृत एवम् खरिद कार्य रद्द भएकोले निम्न बमोजिमको बोलपत्र सम्बन्धमा बोलपत्रदातालाई जानकारीको लागि सूचना प्रकाशन गरिएको छ । साथै बोलपत्रदातालाई बोलपत्रको सम्बन्धमा केही गुनासो एवम् निवेदन भएमा मिति २०८२।०९।१६ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित प्रतिवेदन दिन हुन सूचना गरिएको छ ।

| सि.नं. | सूचना नं. | विवरण | परिणाम | बोलपत्र रद्द हुनुको काररण |
|---|---|---|---|---|
| १ | NPHQ/CB/ NCB/2082-083/01 | Cyber Forensic Lab Equipment Renewal | १ सेट | पेश भएको बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही नभएको |



## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति:२०८२।०९।०७**

यस नगरपालिकाको राष्ट्रियस्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयसीमाभित्र दर्ता हुन आएको १ (एक) वटा बोलपत्र मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ बोलपत्रदाताको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | बोलपत्रको नाम | स्वीकृत बोलपत्रको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| रा./०३/०८२/०८३ | उर्लाबारी नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको वक्राहा–नुनसरी खोला (प्याकेज–१) बाट बालुवा, ढुङ्गा, गिटी/मिक्स गिटी, पुराइ उत्खनन, संकलन तथा बिक्री कार्य सम्बन्धी। | मिराकल निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्रा.लि. उर्लाबारी–५, मोरङ । | रु. १,८१,९३,१८१.९३ (अक्षेरेपी एक करोड एकासी लाख त्रियान्नब्बे हजार एक सय एकासी रुपैयाँ त्रियान्नब्बे पैसा) |

नि. प्रमुख प्रशासकीय अधिकृत



## Shree Mahaveer Janta Ma. Vi. School
**Haripur Sarlahi**
**Madhesh Pradesh**
**Contract Identification No: NCB-01/2082/083**

## Invitation for Bids

**First Date of publication:- 2082/09/08**

1. The Government of Nepal has allocated funds towards the cost of Construction of School building Mahaveer Janta Ma. Vi) 3-C-9 at Haripur Municipality ward No-02 and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB-01/2082/083. Bidding is open to all eligible Nepalese Bidders.The estimated amount of the work with vat is 1,04,53,545.63(with Vat, contingency and PS)
2. Shree Mahaveer Janta Ma. Vi. School, Haripur Sarlahi invites electronic bids from eligible bidders for the construction of school under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures.
3. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically by download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of the Project's Rs 3000.00 at Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Office: Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,**
   **Name of Bank: Nepal Bank Limited , Malangwa, Sarlahi**
   **Account No. :- 02900101211445000001**
5. Bidders must submit electronic bids only through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on before 2082/10/12 .Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2082/10/12 at the office of Haripur Municipality, Haripur Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of NRs 310000 which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the Bid Security Amount in Bank:-**
   **Name of the Office: Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,**
   **Name of Bank: Nepal Bank Limited , Malangwa, Sarlahi**
   **Account No. :- 02900101211445000001**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
9. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their owncost.
10. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

# भलिबल च्याम्पियनसिप खेल्ने टोलीको टुंगो लाग्यो

## पुरुष १२ र महिला ८ गरी २० टोली

■ सौर्य समाचार

काठमाडौँ । नवौँ एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिप-२०८२ मा सहभागी हुने टोलीको टुंगो लागेको छ । नेपाल भलिबल संघ (एनभिए) को आयोजनामा यही ११ पुसदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा हुने प्रतियोगितामा १२ टोलीले सहभागिता जनाउनेछन् । पुरुषतर्फ १२ र महिलातर्फ ८ गरी कुल २० टोलीको सहभागिता रहने भलिबल संघले जनाएको छ ।

पुरुषतर्फ ३ विभागीय क्लब त्रिभुवन आर्मी, नेपाल पुलिस र सशस्त्र प्रहरी बल (एपिएफ) सहित रुकुमपश्चिम भलिबल प्रशिक्षण केन्द्र (कर्णाली प्रदेश), जावलाखेल भलिबल प्रशिक्षण केन्द्र, मणिमुकुण्ड भलिबल क्लब (लुम्बिनी), हेल्प नेपाल स्पोर्ट्स क्लब, कोसी प्रदेश भलिबल संघ, बुढानीलकण्ठ भलिबल क्लब, ढोरपाटन क्लब (काठमाडौँ), खिल्जी युवा क्लब (लुम्बिनी) र कीर्तिपुर भलिबल प्रशिक्षण केन्द्र (काठमाडौँ) रहेको संघका महासचिव रोशन श्रेष्ठले जानकारी दिए ।

यस्तै, महिलातर्फ पनि ३ विभागीय टोली नेपाल पुलिस क्लब, एपिएफ, त्रिभुवन आर्मी क्लबसहित न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब, एभरेस्ट भलिबल क्लब, चुली युवा क्लब (कर्णाली), सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् र मधेस प्रदेश खेलकुद परिषद् छन् । यसपटक गण्डकी टिम भने सहभागी नभएको महासचिव श्रेष्ठले बताए ।

विभागीयबाहेक टोलीले ३ विदेशी खेलाडी टिममा समावेश गर्न सक्ने संघले जनाइएको छ । ११ पुसदेखि १९ गतेसम्म हुने च्याम्पियनसिपबाट पुरुषतर्फ शीर्ष ८ र महिलातर्फ शीर्ष ६ टोली पिएम कप एनभिए लिगमा छनोट हुने संघले जनाएको छ । प्रतियोगिताको टाई सिट 'ड्र' पछि सार्वजनिक गरिने संघका महासचिव श्रेष्ठले जानकारी दिए ।



### राष्ट्रिय बास्केटबल लिग छनोटमा १२ टोली

नेपाल बास्केटबल संघको आयोजनामा यही ७ देखि १२ पुससम्म ली-निङ बास्केटबल प्रतियोगिताको आयोजना हुने भएको छ । प्रतियोगितामा १२ टोली सहभागी हुने संघले जनाएको छ । काठमाडौँको बौद्धमा हुने उक्त प्रतियोगिता हिमालयन जाभा राष्ट्रिय बास्केटबल लिगको छनोट प्रतियोगिता पनि हो । त्यसबाट ४ वटा टोली राष्ट्रिय बास्केटबल लिगका लागि छनोट हुनेछन् ।

राष्ट्रिय बास्केटबल लिगमा ४ टोली यसअघि नै छनोट भइसकेको संघले जनाएको छ । ली निङ बास्केटबल प्रतियोगिताका संयोजक नोर्बु गुरुङका अनुसार कीर्तिपुर क्लब, गोल्डेन गेट कलेज, टाइम्स कलेज र हन्ड्स एकेडेमी यसअघि नै राष्ट्रिय लिगमा छनोट भएका हुन् । यसैबीच, ली-निङ बास्केटबल प्रतियोगिताको खेल तालिका पनि सार्वजनिक गरिएको छ । सहभागी १२ टोलीलाई ४ समूहमा विभाजन गरिएको छ ।


प्रतियोगिताको समूह 'ए' मा आइएसए, तरहर र नेपाल आर्मी रहेका छन् भने समूह 'बी' मा विशाल मिलन केन्द्र, रोयल र गण्डकी छन् । यसैगरी, समूह 'सी' मा चाणक्य, सोलो बास्केटबल र बौद्ध बास्केटबल क्लब रहेका छन् । समूह 'डी' मा प्ले बक्स, बौद्ध पिपलबोट क्लब र शंकरदेव कलेज परेका छन् । लिग कम नकआउटका आधारमा सञ्चालन हुने उक्त प्रतियोगितामा प्रत्येक समूहबाट २ टोली क्वार्टरफाइनलमा पुग्नेछन् । सेमिफाइनलमा पुग्ने ४ वटै टोली राष्ट्रिय लिगमा छनोट हुने नियम छ ।

# ओलम्पियन विष्ट खेलकुद सद्भावना दूत नियुक्त

■ सौर्य समाचार

काठमाडौँ । कृष्णपुर नगरपालिका, कञ्चनपुरले नेपाली तेक्वान्दोका सफल खेलाडी दीपक विष्टलाई सोमबार खेलकुद सद्भावना दूतमा नियुक्त गरेको छ । ओलम्पियन विष्टलाई खेल क्षेत्रमा कृष्णपुर नगरपालिका, कञ्चनपुर जिल्ला, सुदूरपश्चिम प्रदेश एवं राष्ट्रकै गौरव बढाउन पुऱ्याएको योगदानको कदर गर्दै दूतमा नियुक्त गरिएको हो । १६औँ नगरपालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड छनोट प्रतियोगिताको समापनका अवसरमा कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझाले विष्टलाई पत्र हस्तान्तरण गरे ।

विष्टले दक्षिण एसियाली खेलकुदमा ४ स्वर्ण र एसियाली खेलकुदमा २ कास्य जितेका छन् । छनोट चरण पार गरी ओलम्पिकमा प्रतिस्पर्धा गर्ने विष्ट पहिलो नेपाली पुरुष खेलाडी हुन् । 'आफ्नो जन्मभूमि रैकवार बिचुवा, कञ्चनपुरमा यसरी सम्मानित हुन पाउँदा म अत्यन्तै खुसी र गौरवान्वित छु । ती दिनहरू र मलाई खेलकुदको बाटो देखाउने, सिकाउने र आफ्नै सन्तानझैँ माया गरेर हुर्काउने मेरा खेल शिक्षकहरू आज पनि मनमा ताजा छन्,' सम्मानित भएपछि विष्टले भने, 'आज म जहाँ छु, यो सबै मेरो जन्मभूमिको माटो र यहाँका जनताको अपार माया, आशीर्वाद र समर्थनको परिणाम हो । सबैप्रति हृदयदेखि धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।'



नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास बिभाग
## स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली

### आर्थिक प्रस्ताव खोल्ने र बोलपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८२/०९/०८)

यस आयोजना कार्यालयबाट तपसिलमा उल्लेखित कार्यका लागि मिति २०८२/०५/२१ मा नेपाल समाचारपत्र मा प्रकाशित बोलपत्र सूचना अनुसार बिद्युतीय खरिद प्रक्रिया मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदताहरुको प्राबिधिक प्रस्ताब मूल्याङ्कन गर्दा योग्य रहेको देखिएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज)५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताब खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मिति २०८२/०५/२१ को नेपाल समाचारपत्र मार्फत आव्हान भएको तपसिल वमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधन समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**प्राबिधिक प्रस्ताब स्वीकृत गरि आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी विवरण:**

| सि. नं. | ठेक्का नं. र आयोजनाको बिबरण | प्राबिधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| ⊠ | LIDPO/DHN/W/R/NCB/01/082-83 Construction/ Upgrading of Bayal Dada Dekhi Chhana Kaipalmandu samma jane Sadak staronnati Ajaymeru Ga.Pa 1, Dadeldhura. | 1. M/S SK Construction. Ashigram-7, Dadeldhura<br>2. M/S Shree Deuti-Jay Bhagawati-Minu.B. J.V. Dhangadhi-4, Kailali |
| ⊠ | LIDPO/DHN/W/R/NCB/02/082-83 Construction/Bagarkot-Bogata-Lamikade-Rupal-Gargkshetra Sadak Bhageshwor Ga.Pa 1, Dadeldhura. | 1. M/S SK Construction, Ashigram-7, Dadeldhura<br>2. M/S Mahadev-Devhumi-Anita Joint Venture, Pacheshwor- 5 Baitadi.<br>3. M/S Shreeram-Goril-Nanandev JV, Ajaymeru 01 samaijee Dadeldhura |
| ⊠ | LIDPO/DHN/W/R/NCB/03/082-83 Construction/Upgrading of Raduwa Badam Phindeu Sadak Kalopatre, Nawadurga-2, Dadeldhura. | 1. M/S SK Construction, Ashigram-7, Dadeldhura<br>2. M/S Mahadev-Archana Joint Venture, Pacheshwor-5 Baitadi.<br>3. M/S Sagar-Minakshi-Bright Sun J/V, Dhangadhi - 4 Kailali<br>4. M/S Bhatta Shiv Nirman Sewa, Godawari-1, Kailali.<br>5. M/S Keshar Construction, Bhageshwor-2, Dadeldhura. |
| ⊠ | LIDPO/DHN/W/R/NCB/04/082-83 Construction/Upgrading of Raduwa-Kalare-Chamsal-Badal Sadak,Ganyapdhura Ga.pa-2,Dadeldhura. | 1. M/S SK Construction, Ashigram-7, Dadeldhura.<br>2. M/S Mahadev-Archana Joint Venture, Pacheshwor-5 Baitadi.<br>3. M/S Puskar nirman sewa, Talabang 2 Rolpa.<br>4. M/S Sagar-Minakshi-Bright Sun J/V, Dhangadhi, Kailali<br>5. M/S A.R. Engineering Consultancy and Construction Pvt.Ltd, Achham.<br>6. M/S GR-LB-CIVILIZED JV, kathamndu 10 -Newbaneshwor.<br>7. M/S Jay Laxmi-Padmadevi Joint Venture, Koteli, Amarghadi.<br>8. M/S Keshar Construction, Rupal-5, Dadeldhura.<br>9. G.M-BIBEK JV, Amargadhi, Dadeldhura |
| ⊠ | LIDPO/DHN/W/R/NCB/05/082-83 Construction/Upgrading of Sakayal ko Jungle Safari Dekhi Badal Jodne Sadak,Ganyapdhura Ga.pa-2&3, Dadeldhura | 1. M/S SK Construction, Ashigram-7,Dadeldhura<br>2. M/S Mahadev-Archana Joint Venture, Pacheshwor-5 Baitadi<br>3. M/S Saraswati-MS-Puja Joint Venture, Amargadi 9 Dadeldhura<br>4. M/S Sagar-Minakshi-Bright Sun J/V, Dhangadhi - 4 Kailali<br>5. M/S BRS-DS JV, Nawadurga Rural Municipality-1, Dadeldhura<br>6. M/S A.R.-NANDAMATA (J/V), Mangalsen-5, Accham<br>7. M/S GR-LB-CIVILIZED JV, Kathamndu 10 – Newbaneshwor<br>8. M/S Bhawani Nirman Sewa, Dipayalsilgadhi-6, Doti<br>9. M/S Jay Laxmi-Padmadevi Joint Venture, Amargadhi-8, Dadeldhura<br>10. Keshar Construction-New Navadurga Ganyapdhura Nirman Sewa J/V, Amargadhi-5, Dadeldhura<br>11. M/S G.M-BIBEK JV, Amargadhi, Dadeldhura, Nepal |
| ⊠ | LIDPO/DHN/W/R/NCB/06/082-83 Construction/Upgrading of Matela Sadakpul Bhatkada Rela Sadak,Ganyapdhura Ga.pa-1,Dadeldhura. | 1. M/S SK Construction, Ganyapdhura 1, Dadeldhura<br>2. M/S Keshar Construction, Rupal-5, Dadeldhura |
| ⊠ | LIDPO/DHN/W/R/NCB/07/082-83 Construction/Upgrading of Belauripunarwash Bhakunda,Doda pul,kanja dekhi laljhadi ga.pa. karyalaya hudai parsiya dangajai hudai bhuli samma sadak nirman laljhadi ga.pa. kanchanpur. | 1. M/S Bhatta Shiv Nirman Sewa,Godawari-1, Kailali<br>2. M/S New Joshi Construction-Dogada Bhumiraj Construction JV<br>3. M/S Nina/Satya JV, Chainpur-1, Bajhang<br>4. M/S Pasupati-LO-Shrisa JV, Dhangadi-10, kailali Kailali<br>5. M/S Shreeram-Goril-Nanandev JV, Amargadhi-5, Dadeldhura |
| ⊠ | LIDPO/DHN/W/R/NCB/09/082-83 Construction and Upgrading of Majhpipal Bhageshwar Sadak Stharunnati Ra Kalopatre ,Sanfebagar Achham | 1. M/S D.S. Nirman Sewa, Kohalpur-4, Banke.<br>2. M/S N.M.D/ROYAL C.B/J&J RAWAL JV, Achham Nepal<br>3. M/S G&J/AND Joint Venture, Dhangadhi |
| ⊠ | LIDPO/DHN/W/R/NCB/10/082-83 Construction and Upgrading of Langamata Mandir dekhi Kalapatal Goldada Pipal samma Sadak Stharunnati Ra Kalopatre Achham. | 1. M/S D.S. Nirman Sewa, Kohalpur-4, Banke.<br>2. M/S N,M.D./SAGAR-JV, Achham, Nepal<br>3. M/S G & J Nirman Sewa / P.K.G. Construction, JV, Dhangadhi-2, Kailali |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/11/082-83 Construction and Upgrading of Road of Baidhyanath Payal Sadak (madane-Pitrena-Payal) Achham, Chaurpati Ga.Pa. Achham | 1. M/S D.S. Nirman Sewa, Kohalpur-4, Banke.<br>2. M/S ROYAL C.B/SHODASHADEVI-JOINT VENTURE, Sanfebagar Achham<br>3. M/S Jaya Shree Baidhanath-Malika Joint Venture, Sanfebagar Achham |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/12/082-83 Construction and Upgrading of Road of Sanfebagar Khaptad Paryatakiya Sadak Stharunnati , Sanfebagar Na.Pa -10 Achham. | 1. M/S Jaya Shree Baidhyanath -Malika Joint Venture, Sanfebagar Achham<br>2. M/S Nandamata-A.N.D JV, Mangalsen Achham<br>3. M/S New Kalbhairab-Royal. J.V, Sanfebagar, Achham |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/13/082-83 Construction and Upgrading of Rithabajar Birabagar Thati rishidaha Achham, Hudai Bajura Antar Jilla Sadak Achham | 1. M/S Bhim-Glorious JV. Kathmandu Nepal<br>2. M/S Royal-New Kalbhairab J.V., Sanfebar Achham<br>3. M/S G & J Nirman Sewa / P.K.G. Construction / Malika Nirman Sewa JV, Dhangadhi-2, Kailali |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/14/082-83 Construction and Upgrading of Darna Majhthana, kandakot sutar Bhatakatiya Hudai Ramaroshan Sadak Bannigadhi jayagadha Ga. Pa. Achham. | 1. M/S Nandamata-A.N.D JV, Mangalsen Achham<br>2. M/S G & J Nirman Sewa/ P.K.G Construction/ Malika Nirman Sewa JV, Dhangadhi-2, Kailali |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/17/082-83 Construction/Upgrading of Dodanadi Pul Dekhi Kampani Dada Udari Samma (Loktantrik Sadak), Punarbas Na Pa Kanchanpur | 1. M/S Puja/MS JV Dhangadhi-13 Kailali<br>2. M/S Sagar/PK JV, Dhangadhi-4, Kailali<br>3. M/S Rudrawati Nirman Sewa Pvt.Ltd. Bhageshowar-1 Dadeldhura<br>4. M/S Bista-MB-Indra JV Dhangadhi Kailali<br>5. M/S Jagadamba Nirman Sewa, Godawari Na.Pa.1 Kailali. |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/18/082-83 Construction/Upgrading of Joshipur Ga.Pa. Wada No 7 Bhagatpur Dekhi Lokhari Hudai Wada No 6 Ko Kunaithisamma Sadak Kalopatre,Kailali | 1. M/S Amikshya-S.M.P.-Better life J.V. Tikapur Kailali<br>2. M/S Bhatta-Riyansh-Nidim J.V., Tikapur 15 Kailali<br>3. M/S Nirajan Construction Tikapur-1 Kailali<br>4. M/S Nandadevi- Shreee Indralaxmi JV, Thakurbaba-9 Bardiya.<br>5. M/S Prithivi-Maa Ninglasaini Construction Pvt.Ltd, Bardgoriya 1 Kailali.<br>6. M/S Minu Construction Pvt.Ltd, Ajayameru- 1 Dadeldhura<br>7. M/S J.B Nirman Sewa,Pahalwanpur Ward No-1 Kailali |
| ⊠⊠ | LIDPO/DHN/W/R/NCB/19/082-83 Construction/Upgrading of Laljhadi Ga.Pa. Chandeu Andaiya Hudai Hulakisadak Ratanpur Samma Ra Belauri Hulaki Sadak Ratanpur Aadarshatol Kamaripul Hudai Pipal Chautara(Bag), Kalika Mandhir,Pani Tanki Hudai Baibah Beldadi GaPa Samma Sadak Nirman, Kanchanpur | 1. M/S New Joshi Construction-Dogada Bhumiraj Construction JV, Mahendrangar, Kanchanpur |
| मिति: २०८२/०९/१६, स्थान: स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढी, कैलाली समय: दिउसो १:०० बजे | | |

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी विवरण:**

| सि.नं. | ठेक्का सूचना नं. र योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS समेत) |
|---|---|---|---|
| १ | LIDPO/DHN/W/R/NCB/15/082-83 Construction/Upgrading of Khanalchock Dekhi jyotinagar Aadharbhut Bidhyalaya Sammako Kalopatre Tikapur Na Pa -01 Kailali | M/S Bhandari Brothers Construction Tikapur Municipality Ward No 1 Kailali | 1,488,118.43 |
| २ | LIDPO/DHN/W/R/NCB/16/082-83 Construction and Upgrading of Manabdharm Aashram Dekhi Hulaki Sadak Samm Estharunnati kailari Ga.Pa -07, Kailal | M/S. SP Construction Mellekh-7 Achham Accham, Sudoor Pachism Province. | 1,531,910.00 |

कार्यालय प्रमुख

कला

# आर्या र खुसी विजयी




■ सौर्य समाचार

काठमाडौँ । अमेरिकाका विभिन्न ७ सहरमा बस्ने नेपाली प्रतिभाबीच भएको गायन प्रतियोगितामा कोलम्बसकी १३ वर्षीय किशोरी आर्या खनाल र नृत्य प्रतिस्पर्धामा कोलम्बसकै १३ वर्षीय खुसी अधिकारी विजयी भएकी छन् । कार्यक्रममा नेपालीको बाक्लो उपस्थिति भएको ओहायोको कोलम्बस, एक्रोन, सिन्सिनाटी तथा पेन्सिलभेनियाको ह्यारिसवर्ग, ल्यानकास्टर, पिट्सवर्ग र स्क्रान्टनका प्रतिभाहरूले भाग लिएका थिए । इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा ओहायोको एक्रोनमा भेला भएका यी प्रतिभाहरूबीच गत २० र २१ डिसेम्बरमा प्रतिष्पर्धा भएको थियो ।

प्रस्तुतिमा गायनतर्फ सिन्सिनाटीका दिगान्त गुरुङ र नृत्यतर्फ ल्यानकास्टरकी आयुसा चापागाईं दोस्रो, कोलम्बसकै कुञ्जन सुवेदी गायनतर्फ र ह्यारिसवर्गकी सामन्था क्षेत्री नृत्यतर्फ तेस्रो भए । अमेरिकामै जन्मे हुर्केका नेपाली बालबालिका र किशोरकिशोरीहरूलाई नेपाली कला संस्कृतितर्फ आकर्षित गर्ने उद्देश्यले विगत १० वर्षदेखि कार्यक्रम गर्दै आएको फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारीले बताए । विजेताहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गर्दै उनले नेपाली जातिको पहिचान लिएर गर्वका साथ जीवन जीउन सिकाउन फाउन्डेसनले ७ सहरहरूमा ७ वटा नेपाली नृत्य र संगीतका कक्षाहरू सञ्चालन गरिरहेको जानकारी दिए । यी कक्षाहरूमा १ हजार ३०० नेपाली मूलका बालबालिका, किशोर किशोरीहरू अध्ययनरत छन् ।

यी विद्यार्थीहरूबाट विद्यालयमै गई अडिसन गराई छानेर ल्याइएका १०-१० जनाका विद्यार्थीका समूहबीच गराइएको नृत्य प्रतियोगितामा पेन्सिलभेनियाको ल्यान्कास्टर समूह प्रथम भयो भने पेन्सिलभेनियाकै ह्यारिसवर्ग समूह दोस्रो र ओहायोको कोलम्बस समूह तेस्रो भएको छ ।

प्रतिस्पर्धामा एकल गायन, एकल नृत्य र समूह नृत्यमा प्रथम हुनेले ३ हजार अमेरिकी डलर, दोस्रो हुनेले २ हजार र तेस्रो हुनेले १ हजार अमेरिकी डलर पुरस्कार प्राप्त गरेका छन् । गायन प्रतियागिताको निर्णायकमा अञ्जु पन्त, सुजता वर्मा र गायक अर्जुन रसाइली र नृत्यतर्फका निर्णायकमा दिलीप रायमाझी, सारंगा श्रेष्ठ र नृत्यविद् आरती शर्मा थिए । कार्यक्रम संयोजक चन्द्र पराजुलीका अनुसार गायनतर्फ २२ जना प्रतिस्पर्धी र नृत्यतर्फ ३४ जना सहभागी थिए । सामूहिक नृत्यतर्फ ६ वटा समूहले प्रतिस्पर्धा गरेका थिए ।

# ठाडो भाका गायिका धनमायाको सम्झना

■ सौर्य समाचार

काठमाडौँ । ठाडो भाकाकी गायिका धनमाया तामाङको २१औँ स्मृति दिवसमा विभिन्न कार्यक्रम गरिएको छ । लमजुङको काफलस्वाँरा पुरकाङमा १९८७ फागुन २० मा जन्मिएकी गायिका तामाङको २०६१ पुस ५ मा मृत्यु भएको थियो । गायिका तामाङको कर्मघर सुन्दरबजार-२ परेवाडाँडामा वडा कार्यालयले उनको शालिकमा माल्यार्पण गरी पुस ५ मा स्मृति सभा आयोजना गरेको थियो । कार्यक्रममा उनका छोरी, नातिनीलगायतका पारिवारिक तथा गाउँलेहरूको उपस्थिति थियो ।

उनका छोरा डा.आशबहादुर तामाङले काठमाडौँको रानीवनस्थित निवासमा रहेको शालिकमा दीप प्रज्वलन गरी स्मृति दिवस मनाएका छन् । उनले बिहानै स्वयम्भूमा पुगेर पुनः दीप प्रज्वलन गरी आमाप्रति श्रद्धासमुन व्यक्त गरेका थिए । गायिका तामाङप्रति छोरा बुहारी, नाति र नातिनी मिलेर स्मरण गर्दै दीप प्रज्वलन गरेका थिए । आमासँग ठाडो भाकामा दोहोरीसमेत गाएका डा.तामाङले ममतामयी आमा मात्र नभएर लोकभाकाकी विशिष्ट प्रतिभासमेत रहेको बताउँदै आमाका सदाबहार सिर्जनाहरू अझैसम्म गुन्जिरहेको बताए ।

त्यसैगरी गायिका तामाङ गीतसंगीतको योगदानलाई सम्झँदै इटहरीमा रहेको संगीत साधना प्रतिष्ठानले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा गायिका तामाङका गीतहरू गाएर स्मरण गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष राजु केसीले ठाडोभाकाकी अमर स्रष्टा गायिका तामाङ नेपाली लोकसंगीतमा विशिष्ट उचाइ कायम गरेको व्यक्तित्व भएको बताउँदै उनको भौतिक शरीर नरहे पनि सदाबहार सिर्जना हामीमाझ गुन्जिरहेको बताए ।

# तानसेनको पर्यटन प्रवर्द्धन गर्न चित्रकला तथा फोटो प्रदर्शनी



■ सौर्य समाचार

तानसेन । यहाँको तानसेनलाई पर्यटकीय गन्तव्यको रूपमा चिनाउन चित्रकला तथा फोटो प्रदर्शनी गरिएको छ । तानसेन गुठी पाल्पाले ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पहिचानलाई उजागर गर्दै तानसेनका पर्यटकीय गन्तव्यलाई देश तथा विदेशमा चिनाउने उद्देश्यसहित ३ दिने प्रदर्शनी आयोजना गरेको हो ।

चित्रकला तथा फोटो प्रदर्शनी गत ६ पुसदेखि पाल्पा दरबार संग्रहालय परिसरमा भइरहेको छ । प्रदर्शनी आज मंगलबारसम्म सञ्चालन हुनेछ । प्रदर्शनीमा तानसेनका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विषयवस्तु समेटिएका फोटा र चित्रहरू राखिएका छन् ।

तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले स्थानीय भाषा, कला, संस्कृति र वेषभूषाले चित्रकला तथा फोटो प्रदर्शनीमा महत्त्व पाएका जानकारी दिए । प्रदर्शनीले आन्तरिक तथा बाह्य पर्यटकलाई तानसेनप्रति आकर्षित गर्ने अपेक्षा आयोजकले गरेको छ ।

प्रदर्शनीले तानसेनको इतिहास, सभ्यता र पर्यटन सम्भावनालाई प्रचारप्रसार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने प्रदर्शनीको अवलोकन गर्न पुगेका नगरप्रमुख श्रेष्ठले बताए । उनले भने, 'प्रदर्शनीले स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्दै पर्यटनसँग जोड्ने योजना बनाएको छ । यसले नगरको आर्थिक गतिविधि चलायमान बनाउन सकिन्छ भन्ने विश्वास जगाएको छ ।' तानसेनमा थुप्रै पर्यटकीय र धार्मिक स्थलहरू भए पनि प्रभावकारी प्रचारप्रसार गर्न नसक्दा ओझेलमा परेकाले यस्ता प्रदर्शनीले महत्त्वपूर्ण हुने उनको भनाइ छ । तानसेन केवल ऐतिहासिक सहर मात्र नभई जीवन्त संस्कृति बोकेको पर्यटकीय गन्तव्य भएकाले यस क्षेत्रको प्रचारप्रसारका लागि प्रदर्शनी आयोजना गरिएको तानसेन गुठी काठमाडौँका अध्यक्ष जीवनज्योती बज्राचार्यले बताए । तानसेन गुठी पाल्पाका अध्यक्ष शकुन्तला बज्राचार्यले मगरहरूको शासनकालदेखि सेन वंशीय शासकहरूले राज्य विस्तार गरेको इतिहास, राणाकालीन समयमा नेपालको प्रमुख प्रशासनिक केन्द्रका रूपमा रहेको तानसेनको गौरवशाली पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु आवश्यक रहेकाले फोटो प्रदर्शनी राखिएको उल्लेख गरिन् ।

तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जनले यस्ता सिर्जनात्मक कार्यक्रमहरूले पर्यटकलाई लामो समयसम्म तानसेनमा बस्न प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी